जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २१३ • २०८१ साल पुस १४ गते आइतबार (29 December, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लर्डस् दियालोको किंग्स क्यासिनोमा पप्लु, मैरिज खेल

# एउटा टेबुल सञ्चालन गर्न ७९ लाख धरौटी

**अनिल तिवारी**

वीरगञ्ज । तराई-मधेशमा सञ्चालनमा रहेका मिनी क्यासिनोहरुमा अपराधिक गतिविधि बढ्दै गएको छ। मिनी क्यासिनोले मेसिनबाट गेम खेलाउन मात्र पाउने प्रावधान रहे पनि स्थानीय प्रहरी-प्रशासनको सेटिङ मिलाएर ठूला क्यासिनोमा झैँ जुवा खेलाउने गरिएको छ।

वीरगञ्जको लर्डस् दियालो क्यासिनोमा इजाजत लिएको बाहेक तासबाट जुवा खेलाइने गरिएको पाइएको छ। जुवा खेलाइने तास भारतबाट आयात गरेको लर्डस् दियोलोले तास खेलाउने टेबुलहरु भाडामा लगाएको छ।

नेपालमा दुई किसिमको क्यासिनो छ। पहिलो, पाँचतारे होटलमा सञ्चालित ठूला क्यासिनो छ। त्यहाँ लाइभ जुवा नै चल्छ। दोस्रो उपत्यका बाहिरका मिनी क्यासिनोहरु छन्। जहाँ मेसिनबाट मात्र जुवा खेल्न पाइन्छ। तर पर्यटन विभागको नियम विपरीत वीरगञ्जको लर्डस् दियालोमा रहेको किंग्स क्यासिनो तास जुवाको टेबुलहरु सञ्चालन गरिरहेको छ।

सविधान सभासदस्य समेत रहेका नेपाली कांग्रेसका केन्द्रीय सदस्य  अनिल रुंगटाको होटल लर्डस् दियालोमा सञ्चालित क्यासिनो सरकारी पहुँच र स्थानिय प्रशासनको सहयोगमा खुलेआम तास जुवा खेलाइने गरिएको छ।

किंग्स क्यासिनो मिनी क्यासिनोको इजाजत लिएपछि फ्लास, पप्लु मैरेज जस्ता तास जुवाका टेबुलहरु सञ्चालन गरिएको छ। ७९ लाख रुपैयाँ धरौटीमा किंग्स क्यासिनो सञ्चालनको इजाजत प्राप्त दियालो गेमिङ्ग प्रालि स्थानीय जितपुर सिमराका एक व्यक्तिलाई पप्लुको टेबुल संचालन गर्न सम्झौता गरेको छ।



दियालो गेमिङ्गको तर्फबाट सुजन केसी र पप्लुको टेबुल सञ्चालन गर्ने दोश्रो पक्षको तर्फबाट जितपुर सिमरा उपमहानगरपालिका- ७ का अजित कुमार गुप्ता छन्।

किंग्स मिनी क्यासिनोमा सञ्चालन हुने पप्लु र मैरिज दुई टेबुलमध्ये पप्लुको टेबुलबाट प्रत्येक रात्रि गेमबाट हुने आम्दानी रकम मध्ये ३० प्रतिशत दियालो गेमिङ्गलाई दिने सर्त सम्झोता पत्रमा उल्लेख छ।

सम्झौता सम्बन्धमा क्यासिनो सञ्चालकसित सम्पर्क गर्दा कुनै प्रकारको कार्य नभएको दाबी गरेका छन्।

भारतीय ग्राहकलाई लक्षित गरी  मिनी क्यासिनो सञ्चालन भए पनि त्यहाँ नेपाली जुवाडेहरुको समेत भीड लाग्ने गरेको छ। त्यसबाट कयौं नेपाली परिवारको विचल्लीको अवस्था छ।

किंग्स क्यासिनोले संचालन गरको तास जुवाबाट वीरगञ्जका कतिपय करोडपति व्यापारी युवाहरु सडकमा आएका छन्। किंग्स क्यासिनोमै मैरिज ,पप्लु र फलासको जुवाबाट वीरगन्ज माइस्थानका रौनियार थरका कपडा व्यापारी घर न घाटका बनेका छन्। सिमरा जितपुरमा रहेका धनाढ्य गुप्ता, गिरिलगायत वीरगञ्जका अग्रवाल थरका औषधि व्यवसायी क्यासिनोको पप्लु मैरिजको रेगुलर खेलाडी रहेको  बताइन्छ।

क्यासिनो सञ्चालन निर्देशिका तथा नियमावली अनुसार क्यासिनो सञ्चालनका लागि अन्तर्राष्ट्रिय सीमाबाट ५ किलोमिटर टाढा हुनुपर्ने, क्यासिनो सञ्चालनका लागि पर्यटकीय क्षेत्र घोषणा हुनुपर्ने, कम्तीमा २५ करोड चुक्तापुँजी चाहिने, धार्मिक तथा सांस्कृतिक रुपमा संवेदनशील मानिएको क्षेत्र बाहिर हुनुपर्ने प्रावधान छ।

तर क्यासिनोहरुले सो मापदण्ड मानेका छैनन्। वीरगञ्जको अधिकांश मिनी क्यासिनोहरु सरकारी नियमलाई बेवास्ता गर्दै खुलेआम जुवातास सञ्चालन गर्नुका साथै समय समयमा भारतबाट नर्तकी समेत ल्याएर नचाउने देखि देह व्यापार र लक्की ड्रा संचालन समेत गर्ने आरोप लाग्ने गरेको छ।

वीरगञ्जको आदर्श नगरमा रहेको लर्डस् दियालो होटलमा सञ्चालित किंग्स क्यासिनो भारतको सीमाबाट ५ किलोमिटर भन्दा नजिकै रहेको छ।

सो क्यासिनोले भारतीय ग्राहक ओसारपसारको लागि सञ्चालन गरेको भारतीय नम्बरको गाडी समेत सेटिंगमै चलेको एकजना कर्मचारीले नाम सार्वजनिक नगर्ने शर्तमा बताए।

क्यासिनोहरुले अवैध रुपमा भारतीय नम्बरको गाडी प्रयोग गर्दा पनि प्रशासन मुकदर्शक बन्ने गरेको छ। एकातर्फ मापदण्ड विपरीत क्यासिनो सञ्चालन हुने र अर्कोतर्फ भारतीय ग्राहकबाट आम्दानी हुने भारतीय रुपैयाँको हुण्डी कारोबारसंगै नेपालीहरुलाई खुलेआम प्रवेश दिने गरिएको छ।










# कानुन संशोधनमा ढिलाइ हुँदा 'बजेट क्यालेण्डर' बिग्रियो




काठमाण्डु । कानुन संशोधनमा ढिलाइ हुँदा सङ्घीय सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण कार्य प्रभावित भएको छ ।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन हुन नसकेको भन्दै राष्ट्रिय योजना आयोगले ती शीर्षकमा प्रदेश र स्थानीय तहबाट योजना तथा कार्यक्रम माग्ने प्रक्रिया नै स्थगित गरेको छ । अर्कोतर्फ, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ संसदमा अड्किँदा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया कसरी अघि बढाउने भनेर अर्थ मन्त्रालयसमेत अलमलमा छ ।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्थाअनुसार योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश र स्थानीय तहबाट आगामी आवका लागि यी शीर्षकको अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्छ । त्यस्तै, प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि आयोगमा प्रस्ताव पेस गरिसक्नुपर्ने हुन्छ । तर, गत कात्तिक ३० गते प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५३ औं बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधन गर्ने निर्णय गरेपछि योजना आयोगले यी शीर्षकमा योजना तथा कार्यक्रमको प्रस्ताव माग्ने प्रक्रिया रोकेको हो । एनडेकले कार्यविधिको मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न आयोगलाई निर्देशन दिएको थियो ।

समपूरक र विशेष अनुदानका योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न केही ढिलाइ हुने भए पनि नयाँ र परिस्कृत कार्यविधिअनुसार यो प्रक्रिया अघि बढ्ने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीको भनाइ छ । "समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधिमा सुधार गरेर त्यसलाई समतामूलक बनाउन खोजेका हौँ। आयोगबाट कार्यविधि संशोधन भएर मन्त्रिपरिषद्मा पठाउने प्रक्रियामा छ", उपाध्यक्ष अधिकारीले भन्नुभयो, "योजना प्रस्ताव माग गर्ने समय केहि ढिला हुने भए पनि विगतमा भन्दा परिस्कृत, समावेशी तथा समतामूलक ढङ्गले अनुदान बाँडफाँट हुनेछ । यी शीर्षकको अनुदान लिनका प्रस्ताव आह्वान गर्ने समय बढाइदिन्छौँ ।" स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमताअनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुनेगरी र सामाजिक-आर्थिक समता अभिवृद्धिमा योगदान दिने गरी समपूरक अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्ने निर्णय एनडेक बैठकले गरेको थियो ।

त्यस्तै, विशेष अनुदानअन्तर्गत सञ्चालन भएका आयोजना/कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेदमा परेको वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न लागिएको 'एनडेक' निर्णयमा उल्लेख छ । सरकारले हरेक वर्ष ल्याउने बजेटका सिद्धान्त एवं प्राथमिकता र नीति तथा कार्यक्रममाथि पर्याप्त छलफल हुन नसकेको र तारतम्यसमेत नमिलेको भन्दै सदनमा पटक-पटक कुरा उठ्ने गरेको थियो । 'बजेट क्यालेण्डर' नमिलेकोले यसलाई संशोधन गर्नुपर्ने विषय संसदमा बारम्बार उठ्न थालेपछि गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नम्बर २९ मा 'आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसदमा पेस गर्ने व्यवस्था मिलाइने' उल्लेख गरियो । बजेटको यही व्यवस्था कार्यान्वयनका लागि सरकारले गत वर्ष माघमा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०' जारी गर्‍यो ।

उक्त अध्यादेशले सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसदमा पेस गर्न बाटो खोल्यो भने बजेटको सीमा (सिलिङ) तोकिसक्ने साविकको समयसीमामा पनि संशोधन गरेको थियो । सोही अध्यादेशबाटै चालु आव २०८१/८२ को बजेटका सिद्धान्त प्राथमिकता, नीति तथा कार्यक्रम र बजेटसमेत ल्याइयो । तर उक्त अध्यादेश तोकिएको समयमा संसदबाट पारित हुन सकेन र खारेज भयो ।

अध्यादेश खारेज भए पनि बजेट क्यालेण्डर संशोधन गर्नका लागि सरकारले गत साउन ३२ गते 'आर्थिक कार्यविधि तथा उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' प्रतिनिधिसभामा दर्ता गरेको छ । तर आगामी आर्थिक वर्षको बजेट बनाउँदा विद्यमान ऐनको समय तालिका पछ्याउने वा गत वर्ष अध्यादेशमा राखिएको र अहिले संसदमा विचाराधीन रहेको विधेयकको व्यवस्थाअनुसार जाने भन्नेमा अर्थ मन्त्रालय र योजना आयोग स्पष्ट हुन सकेको छैन ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन प्रक्रिया र आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि कस्तो क्यालेण्डर बनाएर अघि बढ्ने भनेर सरकार चनाखो रहेको योजना आयोगका उपाध्यक्ष अधिकारी बताउनुहुन्छ । तर कुन बजेट क्यालेण्डर पछ्याउने भन्ने विषयमा अझै स्पष्ट हुन नसकेको उहाँले स्वीकार्नुभयो ।

त्यस्तै, अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई 'बजेट क्यालेण्डर' नबिग्रने दावी गर्नुहुन्छ। "विगतका वर्षमा जस्तै स्थापित समय तालिकाबमोजिम बजेट तर्जुमाको काम अगाडि बढ्छ", उहाँले रासससँग भन्नुभयो । गत वर्षको अभ्यासअनुसार जाने हो भने सरकारले आउँदो फागुन १५ गतेभित्र आगामी आव २०८२/८३ को बजेटका सिद्धान्त र प्राथमिकता संसदमा पेस गरिसक्नुपर्ने हुन्छ । त्यसका लागि सरकारलाई कानुनी अड्चन छ । संसदको हिउँदे अधिवेशन नै कहिलेबाट सुरू हुन्छ भन्ने यकिन नभइसकेको अहिलेको अवस्थामा प्रतिनिधिसभामा विचाराधीन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक चाँडो पारित भएर आउने र सोहीअनुसार सरकारले बजेट बनाउने सम्भावना न्यून छ । सोही कारण संसदबाट विधेयक फिर्ता लिएर यस वर्ष पनि अध्यादेशकै बाटो अपनाउने विकल्प माथि पनि अर्थ मन्त्रालयले आन्तरिक तयारी गरिरहेको छ । यद्यपि, संसद् चलेको अवस्थामा अध्यादेश ल्याउनुको साँटो विधेयकलाई नै चाँडो पारित गर्न जोडबल गर्न सकिने पनि अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

**संशोधन किन आवश्यक ?**

सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने समपूरक र विशेष शीर्षकको अनुदान वैज्ञानिक, वस्तुनिष्ठ र समतामूलक हुन नसकेको भन्दै लामो समयदेखि आलोचना भइरहेको थियो । यही विषयलाई सम्बोधन गर्न गत कात्तिक अन्तिम साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको थियो । विद्यमान कार्यविधिअनुसार सङ्घीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ । तर राजस्वका आन्तरिक स्रोत नभएका, आर्थिकरूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत पनि व्यहोर्न सक्ने क्षमता हुन्थेन । आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्नुपर्ने भएपछि उनीहरू आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव नै गर्न नसक्ने अवस्था हुन्थ्यो । जसकारण स्रोतको समन्यायिक वितरणका लागि लागत साझेदारी घटाएर कम गर्नेगरी कार्यविधि संशोधन प्रक्रिया अघि बढेको थियो ।

संसद्मा विचाराधीन रहेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ मार्फत मुख्यगरी बजेट क्यालेण्डर संशोधन गर्न लागिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आवको लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिन अगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई विधेयकमार्फत संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसदमा पेस गरिनुपर्ने' व्यवस्था ल्याउन लागिएको छ । त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता माथि संसदमा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जाने व्यवस्था विधेयकमा राखिएको छ। विद्यमान ऐनअनुसार बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरूले सुझाव सरकारलाई दिइसक्नुपर्ने हुन्छ।

विधेयकमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको छ । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ। दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आवको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आवको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ । विधेयकमा उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने व्यवस्था राखिएको छ।

त्यस्तै, ऐनको दफा ८ (१) मा पनि संशोधन गर्न लागिएको छ । उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आवको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था छ। तर, विधेयकले यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ।

त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लेखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा पनि संशोधन गर्न लागिएको छ।

ऐनको दफा ६५ (२) मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ भनी व्यवस्था रहेकोमा त्यसलाई संशोधन गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था ल्याउन लागिएको छ ।रासस

> **अध्यादेश खारेज भए पनि बजेट क्यालेण्डर संशोधन गर्नका लागि सरकारले गत साउन ३२ गते "आर्थिक कार्यविधि तथा उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" प्रतिनिधिसभामा दर्ता गरेको छ । तर आगामी आर्थिक वर्षको बजेट बनाउँदा विद्यमान ऐनको समय तालिका पछ्याउने वा गत वर्ष अध्यादेशमा राखिएको र अहिले संसदमा विचाराधीन रहेको विधेयकको व्यवस्थाअनुसार जाने भन्नेमा अर्थ मन्त्रालय र योजना आयोग स्पष्ट हुन सकेको छैन ।**

# राजविराजमा रथ यात्रा



**टुडे समाचारदाता**

राजविराज । राजविराजमा शनिबार भगवान जगन्नाथको भव्य रथयात्रा निकालिएको छ । हजारौँको सहभागितामा स्थानीय श्रीलक्ष्मी नारायण राधाकृष्ण मन्दिरबाट भगवान जगन्नाथको रथयात्रा निकालिएको छ ।

रथ यात्रामा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह, जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादव, जिल्ला समन्वय समिति धनुषाका प्रमुख शिवनारायण साह, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख अरुण मण्डलका साथै विभिन्न पालिकाका प्रमुख, उपप्रमुख, युवायुवती, वृद्धवृद्धा गरी २० हजारौँको हाराहारीमा भक्तजन सहभागी थिए।

मुख्यमन्त्री सिंहले बहुधार्मिक, बहुसांस्कृतीक र बहुभाषिक नेपाली समाजको विशेषता रहेको बताए । धार्मिक आयोजनाले धर्मप्रति आस्था बढाउनुका साथै धार्मिक र आपसी सद्भाव बढाउने काम समेत गर्ने उनको भनाइ थियो ।

श्रीलक्ष्मी नारायण राधाकृष्ण मन्दिरको समन्वय तथा कृष्णभक्त मण्डल एवं इस्कान राजविराजको संयुक्त आयोजनामा विगत तीन वर्षदेखि शुरु भएको रथ यात्रा महोत्सवको रुपमा मनाउन थालिएको आयोजक समितिका हितेश यादवको भनाइ छ। भगवान जगन्नाथ, बलदेव र सुभद्राको मूर्ती राखेर तेश्रो संस्करणको यात्रामा प्रयोग गरिएको रथको लम्बाई २२ फिट, चौडाई ११ फिट तथा उचाई १५ फिट रहेको उनले जानकारी दिए ।

त्यस्तै रथको अग्रभागबाट दायाँ र बाँया फैलिएका ७५ फिट लम्बाईको डोरी तान्न भक्तजनमा तछाडमछाड नै चल्यो । रथयात्रा नगर परिक्रमा पश्चात् पुनः सोही मन्दिरमै पुगेर समापन भएको छ। नगर परिक्रमाका क्रममा सहभागि भक्तजनद्वारा लगाइएको हरेरामा हरेकृष्णाको नाराले नगर गन्ज्यमान भएको थियो ।

रथयात्रामा सप्तरीका साथै सुनसरी, मोरङ, सिरहा, धनुषा तथा भारतको बृन्दावन, मायापुर, मथुरा, दरभंगा, मधुवनी लगायतका स्थानबाट समेत साधुसन्त र भक्तजन सहभागि हुन आएका थिए। रथयात्रामा कुनै अप्रिय घटना हुन नदिन सुरक्षाका लागि सशस्त्र र नेपाल प्रहरी ठूलो संख्यामा परिचालन गरिएको थियो ।

प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले रथयात्रालाई भयरहित बनाउन ड्रोन क्यामराका साथै पोशाक र सादा पोशाकमा डेढ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

# अनुसन्धान विभागका इन्स्पेक्टरसहित तीन जना पक्राउ



**टुडे समाचारदाता**

बारा । बारा प्रहरीका भान्से राजकुमार रुम्बाको हत्याका घटनामा अनुसन्धान 'न्यारो डाउन' तर्फ गएको प्रहरीले बताएको छ । बारा प्रहरीको भान्से रुम्बालाई गोली प्रहार गरी हत्या गरिएको घटनामा तीन जना पक्राउ परेसँगै प्रहरी अनुसन्धान साँघुरिँदै गएको छ।

प्रहरीको विशेष टोलीले तीनै जनासँग गरेको सोधपुछ र बयान तथा घटनासँग सम्बन्धित सबुत प्रमाण फेला परेपछि अनुसन्धान साँघुरिएको बारा प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र खडकाले जानकारी दिए । उनले प्रहरीको विशेष मेहनतका कारण एक सातामै हत्याका दोषी लगभग पहिचान गरिएको बताए।

व्यक्तिगत रिसिइबी तथा आर्थिक लाभका कारण हत्या गरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट । देखिएको उनले बताए।

राष्ट्रिय अनुसन्धान विभाग बाराका प्रहरी निरीक्षक श्रीकान्त तिवारीसहित तीन जनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ । पक्राउ परेका तीनै जनासँग जिल्ला प्रहरी कार्यालय बारामा राखेर सूक्ष्म अनुसन्धान भइरहेको जनाइएको छ।

प्रहरीको हत्यामा संलग्न अन्य दुई जना पनि बारा जिल्लाको इनर्वा सिराको रहेको प्रहरीले जनाएको छ। यद्यपि, बाँकी दुई जनाको नाममा भने अनुसन्धान जारी नै रहेकोले प्रहरी अझै गोप्य राखिएको छ।

गत शनिबार बारामा प्रहरीका भान्से रुम्बालाई गोली हानी हत्या गरिएको थियो । बाराको जितपुर सिमरा उपमहानगरपालिका-११ स्थितको सडकखण्डमा उनको शव कारमा बेवारिसे अवस्थामा फेला परेको थियो।

बागमती प्रदेशको ०१-०२८-च- ७६१६ नम्बरको गाडी लिएर कलैया जानका लागि उनी निस्किएका थिए, तर त्यसको भोलिपल्ट मृत फेला परेका थिए।

इलाका प्रहरी कार्यालय सिमरामा दरबन्दी भएका रुम्बा हाल सिमरा एयरपोर्टमा कार्यरत रहेका थिए।

# जसपा नेपाल प्रचार विभागको उपप्रमुखमा झा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालको प्रचारप्रसार तथा प्रकाशन विभागको बैठकबाट केन्द्रीय पदाधिकारी चयन गरिएको छ। पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार



बसेको विभागको बैठकले दुई जना पदाधिकारी चयन गर्दै विभागलाई पूर्णतः दिएको जनाइएको छ।

जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्र साहको उपस्थितिमा पूर्णबहादुर बस्नेत प्रमुख रहेको सो बैठकले उपप्रमुखमा शम्भु झा, सचिवमा देवबहादुर दुरालाई मनोनयन गरेको छ।

गत जेठमा जनकपुरधाममा सम्पन्न पार्टीको महाधिवेशन पछि प्रथम पटक बसेको प्रचार विभागको बैठकले प्रदेश, जिल्ला र पालिका स्तरमा प्रचार विभाग गठन गरी देशव्यापी रुपमा अझ प्रभावकारी र व्यवस्थित गर्ने निर्णय गरेको छ।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरु**
**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको राजविराजमा शनिबार निकालिएको जगन्नाथ रथयात्रामा सहभागीहरू। तस्विरः रासस

# मुलुकको समृद्धिका लागि प्राप्त ज्ञान उपयोग गर्न प्रधानमन्त्रीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सबै नेपाली शान्तिपूर्ण, सम्मानित, समृद्ध र सुखी रुपमा बाँच्न पाउने अवस्था सृजनाका लागि प्राप्त ज्ञान प्रयोग गर्न आग्रह गर्नुभएको छ । त्रिभुवन विश्वविद्यालयको शनिबार आयोजित ५०औं दीक्षान्त समारोहमा विश्वविद्यालयलका कुलपति प्रधानमन्त्री ओलीले समाजलाई लोकतान्त्रिक, सु-संस्कृत र इमानदारपूर्ण बनाउन र विद्यावान् हुँ भन्ने कुनै घमण्ड नगरी विनयशील हुन पनि आग्रह गर्नुभयो ।



प्रधानमन्त्री ओलीले उपाधि प्राप्त भएपछि अध्ययन पूरा नहुने तर्क गर्दै प्राप्त ज्ञानलाई व्यावहारिक जीवनमा उतारेर परिस्कृत गर्न आग्रह गर्नुभयो । "आफैँसँग भएको विद्या व्यवहारमा उतार्न सकिएन भने त्यो विद्या काम लाग्दैन । ज्ञानलाई व्यावहारिक रुपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले मुलुकमा विद्यमान २० प्रतिशतको निरपेक्ष गरिबी अन्त्य गर्ने अभिभारा लिनुपर्छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको यात्रालाई हामीले अगाडि बढाउनुपर्छ।"

प्रधानमन्त्री ओलीले हाम्रो मुलुक ज्ञान, ध्यान, योग र संस्कृतिको भूमि भएको उल्लेख गर्दै पुर्खाको ज्ञानप्रति कृतज्ञ भएर उहाँहरुबाट सिक्नुपर्नेमा जोड दिनुभयो ।प्रमुख अतिथि अर्थशास्त्री डा रामप्रकाश यादवले विद्यार्थी जीवनको सङ्घर्ष र इमानदारीले लक्ष्यप्राप्तिमा जोकोहीलाई सफलता हासिल हुने बताउनुभयो ।रासस

# टाँगाले वीरगञ्जको ट्राफिक व्यवस्थापनमा चुनौती थप्दै

वीरगञ्ज । वीरगञ्जको मुख्य बजार क्षेत्रमा जभाभावी ढङ्गले टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपेको छ। वीरगञ्जका मुख्य सडकमा टाँगा चलाउँदा एकातर्फ सवारी दुर्घटनामा पर्ने गरेका छन् । अर्कोतर्फ टाँगाका लागि प्रयोग गरिने घोडाको मलमूत्रको कारणले सडकमा दुर्गन्धसमेत फैलिने गरेको छ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक लोकराज भट्टले जभाभावी ढङ्गले सडकमा टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको बताउनुभयो । "अत्यधिक सवारी चाप हुने घण्टाघरलगायतका स्थानमा टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "टाँगा चालकलाई बसपार्कदेखि रजतजयन्ती चोकदेखि मितेरीपुलसम्म चलाउन अनुरोध गर्दै आइरहेका छौं। मुख्य सडकमा नै टाँगा चलाउँदा सवारी व्यवस्थापनमा पनि विभिन्न खालका अप्ठेरा देखिरहेका छन् ।" टाँगालाई सीमावर्ती सहर रक्सौलको रेल्वे ढालाचोकसम्म प्रवेश पाउने भएकाले पनि सामानसहितका यात्रुहरूको मुख्य रोजाइमा टाँगा पर्ने गर्छ। अन्य अटोरिक्सालाई शङ्कराचार्य गेट नजिकै रोकिने भए पनि टाँगाहरू भने भारतीय भूमिसम्मै पुग्ने भएकाले पनि सर्वसाधारणको रोजाइमा टाँगा पर्ने गर्छ । भारतीय टाँगाहरू पनि वीरगञ्जमा आउजाउ गर्ने गर्छन ।

वीरगञ्ज आसपासमा दुवैतर्फका करिब डेढ सयको हाराहारीमा टाँगा चल्ने गर्छन् । जसमा नेपाली नागरिकले सञ्चालन गरेका ७५ र भारतीय नागरिकले सञ्चालन गरेका ७५ वटा टाँगा रहेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले दर्सैँलगत्तै मुख्य सडकखण्डमा टाँगा नचलाउन अनुरोध गरे पनि टाँगा चालकले भने अटेरी गर्दै आइरहेका छन्। ट्राफिक प्रहरीले गत मङ्गलबार घण्टाघर क्षेत्रमा चलाएका चार वटा टाँगालाई नियन्त्रणमा लिएर दुई घण्टा होल्ड गराएको थियो ।

प्रहरी निरीक्षक भट्टले घण्टाघर, रेल्वे सडक, मेनरोडलगायतका स्थानमा अत्यधिक ट्राफिक चाप भएकाले पनि टाँगा नचलाउनको लागि अनुरोध गर्दै आइरहेको बताउनुभयो । वीरगञ्ज टाँगा सङ्घका अध्यक्ष शेख कलामले घण्टाघर-रेल्वे अटोरिक्सा चोकमा धेरै यात्रु पाइने भएकाले पनि बसपार्कबाट टाँगा चलाउन अप्ठेरो भइरहेको बताउनुभयो ।

"एकदमै आर्थिक अवस्था कमजोर भएकाले टाँगा चलाउने भएकाले पनि प्रहरी प्रशासनले तोकेको रूटमा टाँगा चलाउन कमाइ नहुने देखिएको छ", उहाँले भन्नुभयो, "अटोरिक्सा किन्नका लागि चार लाखभन्दा धेरै मूल्य पर्ने भएकाले पनि समस्या भइरहेको छ ।" वीरगञ्जमा टाँगा तान्ने घोडासहित औषतमा रू ६० हजारदेखि एक लाख रकममा खरिद गर्न सकिन्छ ।रासस

# किसानलाई कुनै मौसममा आराम हुँदैन !

महोत्तरी । करिब मध्य पुसको चिसो सिरेटोले मुटु कमाउने जाडो छ। यसै बेला महोत्तरीका किसानलाई काम भ्याइनभ्याइ छ । चिनी मिल (उद्योग) सञ्चालनमा आएसँगै उखु काट्ने, बयलगाडा र ट्याक्टरमा लोड गरेर मिल गेट पुऱ्याउने चटारो छ। यस्तै खुट्टी उखु (दोस्रो वर्षको बाली) काटेर गहुँ र अन्य हिउँदे बाली लगाउने समय घर्कँदै छ। यसै बेला वैशाखी मौसमी तरकारी रोप्ने र तयार तरकारी पालोमा टिपेर बजार पुऱ्याउने धपेडी छ । एकपछि अर्को कामले पुसको जाडो भन्न नपाइएको किसान बताउँछन् ।

अहिले किसानलाई सबैभन्दा बढी धपेडी खुट्टी उखु भएको खेत खाली गरेर बाली लगाउन पर्ने काममा छ। "भनेको बेला उखु कटानको चलान चिनी मिलले दिँदैन, खेत खाली गरेर खनजोत गरी समयभित्र बाली नलगाए छ महिना खेत बाँझै बस्छ", बर्दिबास-९ पशुपतिनगरका किसान रामविनोद महतो भन्नुहुन्छ, "सबैभन्दा बितेको खुट्टी उखुको खेतमा गहुँ छर्नु छ।" ढिलोमा पुसको तेस्रो साताभित्र गहुँ छरी सक्नुपर्ने हुँदा यसले छोपेको महतोको भनाइ छ । यसैगरी वैशाखी मौसमी तरकारी पनि पुसभरिमा रोपी सक्नुपर्ने उहाँले बताउनुभयो।

हिउँदे तरकारी पालोमा टिपेर बजार पुऱ्याउन एक दिन ढिलो हुँदा बुढिने, कक्रिने हुन्छ। मुखको बाली जाडो भनेर हात बाँधे बेहात हुने भङ्गाहा-४ रामनगरका किसान शुभनारायण ठाकुर बताउनुहुन्छ । "हामीले जाडो भगाउने नै खेतीका काममा दलिएर हो", ठाकुर भन्नुहुन्छ । छिप्पिदो जाडो र खेतीको धमाधमकै बेला अब तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्व नजिकिँदा घरका गृहिणी त्यसको मेसोमा लाग्न थालेका छन्। यस पर्वका परिकार तिल, चिउरा, जुनेलो र मुरीका लाई (सख्खरमा मुछेर बनाइने लडडु) हुँदा गृहिणी मुरीको धान छुट्याउने, उसिन्ने र चामल बनाउने तयारीमा लागेका छन्। यसैगरी गृहिणीका लागि पर्वका तिला चुट्ने, निफन्ने, फल्ने (पानीमा भिजाएर कत्ला फाल्ने) र घाममा सुकाउने काम सँगसँगै छ।



पर्वमा चिउरा, मुरी र तिलका 'लाई' (लडडु) बनाउन चाहिने सख्खरको जोहोका लागि कतिपय किसान आफैँ धमाधम उखु पेलेर सख्खर पकाउन थालेका छन्। आफ्नो घरको पर्व सामग्रीको जोहो पनि हुने र यी सामग्रीले अहिले राम्रो भाउ पाउने भएपछि किसान जाडो नभनी काममा जुटेका हुन् । तिलासक्रायत पर्व किसानका लागि आर्जनको अवसर पनि भएको हुँदा यस पर्वका आवश्यक उत्पादित फसलले राम्रो भाउ पाउँछन्। पर्वमा तिला, सख्खर, सखरखण्ड (सुठुनी) , तरूल, मास, पिडालुसहितका उत्पादित फसल प्रयोगमा आउनेहुँदा यस्ता फसल लगाएका किसान यी बस्तु बेचेर रकम आर्जनको ताकमा छन्।

पर्व लक्षित सख्खर बनाउने र तिला चुट्ने निफन्ने कामले छोपे पनि सखरखण्ड, पिडालु र तरूलसहितका कन्दमूल खन्ने र बजार लाने कामभने पुस २५ पछि नै गरिने किसान बताउँछन् । जति जाडो छिप्पिदै जान्छ त्यति कामले थिच्दै जानेहुँदा किसानले लगलगी मुटु कमाउने जाडोमा पनि आराम नपाउने भङ्गाहा-४ पलारका ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ। हिउँदे बाली समेट्ने र लगाउने दुबै ताकको बेला परेको हुँदा अहिले कामैकामको चटारोभित्र आफूहरू रहेको बाँतरको भनाइ छ।

"चिसो सिरेटो बहेको बह्यै छ, बिहान हुस्सुले डम्म ढाक्छ, जाडो त छ नि ! तर खेतीपातीका कामले समय थामी दिँदैन, बर्दिबास-७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादव भन्नुहुन्छ, "अहिले जाडो मानेर काममा नगए जहान परिवारको मुखमा माड लाग्दैन ।" अहिले उखु पेलेर मिठ्ठा (सख्खर) बनाउन ठूलो भठ्ठी चुलोमा खुदो उमाली रहनुभएका यादवले उखु फसलबाट वर्षभरिको खाने अन्नको जोहो गर्नुपर्दा अहिले मिठ्ठाले राम्रो भाउ पाउने बेला जाडो नभनी काममा लाग्नु परेको बताउनुभयो ।

"वर्षभरि केही महिनाको अन्तरमा फरकफरक मौसम हुन्छन्, कहिले जाडो, कहिले गर्मी र कहिले वर्षा, सबै मौसममा खेतीका आआफ्ना तुक (समय) हुन्छन्", बर्दिबास-६ प्रेमनगरका ७५ वर्षीय किसान रामउद्गार महतो भन्नुहुन्छ, "किसानका लागि कुनै मौसम आरामका हुँदैनन्, मौसमअनुसारका खेतीमा राम्रो उत्पादन लिनु हाम्रो सफलता हुन्छ ।" त्यसैले मध्य पुसताकाको लगलगी मुटु कमाउने जाडोमा पनि किसान खेतीका कामको तुकमै जोतिनुपरेको महतो बताउनुहुन्छ ।रासस

# समग्र विकासमा शिक्षाको भूमिका महत्वपूर्ण:कर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख धीरेन्द्र लाल कर्णले तीनैतहका सरकारले शिक्षामा विशेष ध्यानाकर्षण दिन सके मुलुक सामाजिक सशक्तिकरणमा बढ्ने बताएका छन् ।



हनुमान सामुदायिक सिकाई केन्द्र जनकपुरधाम उप महानगरपालीका वडा नं ११ मा इनईसि नेपालको प्रविधिक सहयोग तथा हनुमान सामुदायिक सिकार केन्द्रको आयोजनमा भएको कार्यक्रममा कर्णले मानिसले औपचारिक तथा अनौपचारिक माध्यबाट प्राप्त गरेको ज्ञान, सीप,अनुभव आदिको सार रुप नै शिक्षा रहको बताउदै उनले शिक्षा मानव जातिको तेस्रो नेत्र भएकोले आजको युगमा देशको आर्थिक रुपान्तरणमा निकै ठूलो महत्व रहेको बताए । कर्णले शिक्षा विना मानिस कमजोर हुने भएकोले शिक्षा आजका दिनमा मानवको एक महत्वपूर्ण सम्पतीको रुपमा रहेको बताए।

सामुदायिक सिकाई केन्द्रको असल अभ्यासहरूको सिकाई आदान प्रदान कार्यक्रममा इनईसि नेपालको प्रदेश सदस्य, श्रृजना कुमारी झा सहजकर्ता, साधना चौधरी सहजकर्ता,राज कुमारी भन्डारी, रेविता कुमारी साह लगायतकाले अ आफनो मन्तव्य राखेका थिए।

# जनकपुरधाममा सुविधा सम्पन्न नोचा रिर्सोट सञ्चालनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको प्रख्यात नोचा पोखर स्थलमा सुविधा सम्पन्न नोचा रिसोर्ट होटल सञ्चालनमा आएको छ। आन्तरीक तथा वाह्यि पर्यटकको उचित बस्ने र खाने व्यवस्था भएको उक्त रिर्सोटमा एसी/नन एसी अट्याच रुम संगै साकाहारी तथा मांसाहारी खानाको व्यवस्था रहेको होटलका संचालक राम बाबु साहले जानकारी दिए।



रिर्सोटमा विवाह, पार्टी, फङसनलगायतका लागि हलको व्यवस्थासमेत रहेको सञ्चालक साहले बताए। नोचा पोखरीमा पिकनिक मनाउन आउनेहरुका लागि चाहिने सरसामान पनि यहाँ उपलब्ध रहेको उनले जानकारी दिए। केही वर्षदेखि नोचा पोखरी आन्तरिक तथा वाह्य पर्यटकहरुको आकर्षणको केन्द्र बनेको छ। यहाँ दिनहु सयौंको संख्यामा पर्यटकहरु आउने गर्छन भने नयाँ सालको समयमा हजारौंको भिड हुने गर्छ।

# त्रिभुवन विश्वविद्यालयबाट चौध हजार दीक्षित

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयका १४ हजार तीन सय आठ जना विद्यार्थी दीक्षित भएका छन् ।

प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आयोजित ५०औं दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी) का एक सय २२ जना विद्यार्थी दीक्षित भएका छन्।



त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ।

यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ सहिद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन शङ्कायका हीरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कुल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ।

यसैगरी, अमृत पदक रसायनशास्त्र केन्द्रीय विभागका सुशील पोखरेललाई, मदन विद्या वातावरण विज्ञान पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागका रिकिता भण्डारीलाई, नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिं स्वर्णपदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार काठमाडौं मोडल कलेजका रेविका भण्डारीलाई प्रदान गरिएको छ।

नरेन्द्रमणि आचार्य दीक्षित पदक र डा मोहनप्रसाद लाखे स्वर्णपदक रत्नराज्यलक्ष्मी क्याम्पसका सुदीक्षा घिमिरेले पाउनु भएको छ। शान्ति-नारायण मिश्र पदकबाट पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सञ्जीवकुमार सिंह, डा दुबसु क्षेत्री स्वर्ण पदकबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रतीकराज जोशी, इमिरेट्स प्रा डा रामप्रसाद चौधरी स्वर्ण पदकबाट वनस्पति शास्त्र केन्द्रीय विभागका श्रीणा क्षेत्री र नारायण शान्ति मिश्र पदकबाट पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका चेतना कुँवरबाछ पुरस्कृत हुनुभएको छ।

तारपद चौधरी पदक, खगेन्द्रमान सिं प्रधान पदक र चन्द्रराज ढुङ्गेल स्मृति पुरस्कार श्रीज्या काफ्लेले पाउनुभएको छ। रासस

# सरकारी स्वामित्वमा रहेका संस्थालाई कर तिर्न कामपाको पत्राचार

काठमाण्डु । काठमाडौं महानगरपालिकाले सरकारी स्वामित्वमा रहेका र सामाजिक सङ्घसंस्थाका नाममा दर्ता भएका तर व्यवसाय सञ्चालन गरिरहेका निकाय तथा सङ्घसंस्थालाई कर तिर्न पत्राचार गरेको छ।

पहिलो चरणमा यसरी पत्र पठाइएका सङ्घसंस्थामा कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, पशुपति क्षेत्र विकास कोष, मारवाडी सेवा समिति, फसिखेल, न्युरोड र खाद्य व्यववस्था तथा व्यापार कम्पनी लिमिटेड छन्। यी कम्पनीलाई सम्पत्ति कर र वहाल कर तिर्न पत्राचार गरिएको राजस्व विभागका प्रमुख दीपक अधिकारीले जानकारी दिनुभयो।

"संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार बहाल रकममा लाग्ने बहाल कर स्थानीय तहलाई बुझाउनुपर्छ," विभागका प्रमुख अधिकारी बहाल करका विषयमा करदातामा कुनै द्विविधा हुनुपर्ने अवस्था नरहेको बताउँदै भन्नुहुन्छ। नेपालको संविधानको धारा ५७ (४) तथा अनुसूची ८ अनुसार घर बहाल कर सङ्कलन गर्ने विषय स्थानीय तहको एकल अधिकारअन्तर्गत पर्दछ। संविधानको धारा ६० मा स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तोमा बहाल कर लाग्नेछ, भन्ने व्यवस्था छ ।रासस

# डा ओम मूर्तिद्वारा सामाजिक सञ्जालको आम्दानी सामाजिक कार्यमै खर्च

काठमाण्डु । मुटुरोग विशेषज्ञ, लेखक तथा स्वास्थ्य अभियान्ता डा ओम मूर्ति अनिलले सामाजिक सञ्जालबाट भएको आम्दानी सामाजिक कार्यमै खर्च गर्नुभएको छ। उहाँले सामाजिक सञ्जाल युट्युबबाट आएको आम्दानी अनाथ र असाहय बालबालिका तथा वृद्धवृद्धाका निम्ति खर्च गर्नुभएको हो ।

डा ओम मूर्ति अनिल पोड्कास्टमार्फत् युट्युबमा स्वास्थ्य र समसायमिक विषयमा उहाँले जनचेतनामूलक प्रस्तुति दिँदै आउनुभएको छ । उक्त युट्युब च्यानल मोनिटाइजेसन भई प्राप्त भएको पहिलो आम्दानीलाई डा ओम मूर्तिले बूढानीलकण्ठ नगरपालिका-४ स्थित चन्डेश्वरी मन्दिर नजिक रहेको पवित्र समाज सेवा नेपालमा आश्रित बालबालिका र वृद्धवृद्धालाई न्यानो कपडा र खाद्यान्न सहयोगमा खर्चिनु भएको छ। उहाँले भन्नुभयो, "मैले सामाजिक सञ्जालको आम्दानी सामाजिक कर्ममै खर्च गरेको हुँ ।



आगामी दिनमा अन्यत्र पनि आवश्यकताअनुसार सहयोग गर्दै जानेछु।"

संस्थामा १३ महिनादेखि २० वर्षसम्मका ६० जना बालबालिका र ९५ वर्षसम्मका १५ जना वृद्धवृद्धा आश्रित रहनुभएको छ । आश्रित सदस्यसहित छ जना स्वयम्सेवकलाई आवश्यकताअनुसार न्यानो कपडा प्रदान गरिएको थियो। यस्तै विभिन्न खाद्य सामग्री र खेलकुद सामग्रीसमेत वितरण गरिएको थियो। स्वास्थ्य सेवाबाहेक एक दशकभन्दा लामो समयदेखि स्वास्थ्य र समसामयिक विषयमा जनचेतना जगाउँदै आउनुभएका डा अनिलको फेसबुक पेजमा १४ लाखभन्दा बढी र युट्युबमा ८० हजारभन्दा बढी फलोअर्स रहेका छन् । डा ओम मूर्ति अनिलले स्वास्थ्य सचेतनामा दुई वटा विश्व कीर्तिमानसमेत कायम गर्नुभएको छ । जसअन्तर्गत गिनिज वर्ल्ड रेकर्ड र वर्ल्ड बुक रेकर्ड (लन्डन) रहेका छन्। विश्व मुटु दिवसको अवसरमा मुटुको स्वास्थ्यबारे जनचेतना फैलाउने उद्देश्यले २९ सेप्टेम्बर २०२३ मा डा उहाँले फेसबुक लाइभमार्फत ११ हजार दुई सय १२ जना प्रत्यक्ष दर्शकसँग 'मुटुरोगको स्वास्थ्य जागरूकता लाइभ स्ट्रिम'को लागि सबैभन्दा धेरै दर्शकको विश्व रेकर्ड कायम गर्नु भएको हो।

त्यस्तै सन् २०१४ मा डा अनिललाई 'मुटुरोग रोकथाममा अतिथि वक्ताको रूपमा सबैभन्दा लामो समयको रेडियो अन्तर्वार्ता'का लागि प्रदान गरिएको थियो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# व्यवसायिक खेलाडी

नेपालमा खेलप्रति क्रेज बढदो छ। फुटवल, भलिवल, कराँटे, कवड्डीलगायतको खेलमा नेपाल पहिले पनि राम्रो खेल्थ्यो। केही वर्षदेखि क्रिकेटमा पनि नेपालले राम्रो खेल्न थालेको छ। संसारभरि नै क्रिकेटको क्रेज बढिरहेको बेला नेपालमा पनि बढ्नु स्वभाविक नै हो। क्रिकेटको पक्ष भनेको खेलाडीहरु व्यवसायिक बनेका छन्। विगतमा सरकारले दिने सीमित बजेटमा खेल्नु पर्ने बाध्यता थियो। क्रिकेट बाहेकको अन्य खेलमा अहिले पनि त्यो बाध्यता नै छ। सरकारले उपलब्ध गराउने सीमित बजेटमा खेलाडीका लागि ड्रेस, डाइट, अभ्यासलगायतका सबै काम गर्नु पर्ने हुन्छ। त्यो रकम अपुग हुने भएकाले खेलाडीहरुले समुचित डाइट पाउन नसकेर धेरै समयसम्म टिक्न सक्दैन। खेलाडीहरुलाई प्रोत्साहित गर्न उनीहरुको जीविकोपार्जनको स्थायी व्यवस्था हुनुपर्छ। सबै खेलमा राज्यले लगानी गर्नुपर्छ। नेपालमा पनि अब क्रिकेटको व्यवसायिकरण गरिएको छ। नेपाल प्रिमियम लिग(एनपीएल)को पहिलो संस्करण नै उत्साहवर्द्धक देखिएको छ। खेलाडीहरुले अनपेक्षित मोल पाएका छन्। क्रिकेटमा लगानी गर्नेहरुको संख्या बढेको छ। नेपालमा अहिले एनपीएलका लागि ८ वटा समूह बनाइएको छ। देशमा क्रिकेट खेल्ने अन्तराष्ट्रिय स्तरको एउटा मात्र त्रिभुवन विश्वविद्यालयको खेल मैदान छ। त्यहाँ पनि नियमित रुपमा प्रतियोगिताहरुको आयोजन हुँदा पढाई बाधित हुने विश्वविद्यालयका प्राध्यापक र पदाधिकारीहरुले बताउन थालेका छन्। क्रिकेटले पठनपाठनलाई प्रभावित गर्ने निश्चित छ। त्यसका लागि सरकारले देशका विभिन्न भागहरुमा क्रिकेट मैदान बनाउनु पर्छ। कम्तीमा हरेक प्रदेशमा एउटा अन्तर्राष्ट्रिय क्रिकेट मैदान हुन आवश्यक छ। एउटै मैदानमा हुने खेलले खेलाडीहरुलाई लाभ भए पनि अन्य क्षेत्रमा त्यसले मद्दत गर्ने छैन। एनपीएलमा स्वदेशीले मात्र नभई विदेशीले पनि अनुकुल मोल पाए। विदेशी खेलाडीहरुको कारण पनि एनपीएलको लोकप्रियता बढेको छ। नेपाली खेलाडीहरुले आफ्नो प्रदर्शनलाई अझ धेरै सुधार गर्न आवश्यक छ। पहिलो पटक बिक्री भएका खेलाडीहरु उत्साहित हुनु अस्वभाविक होइन। तर खेलको स्तरमा सुधार नगरे एनपीएल विदेशी खेलाडीमा आश्रित हुनेछ। एनपीएलमा लगानी गर्ने व्यवसायीहरुको आफ्नो भावना र स्वार्थ होला। उनीहरु देशका लागि भन्दा आफ्ना व्यवसायलाई प्राथमिकतामा राख्ने छन्। तर खेलाडीहरु देशका लागि खेल्नु पर्छ। एनपीएलमा टीमका लागि खेले पनि समग्रमा खेलाडी देशका लागि खेल्नु पर्छ। सट्टाको लालचमा पर्न हुँदैन। खेलाडीलाई व्यापारीले खरिद गरे पनि आमनागरिक खासगरि युवापुस्ताले भावनाबाट सम्मान गर्छन्। त्यो खेलाडीहरुले बुझ्न आवश्यक छ। सट्टामा पर्दा भारत लगायत कयौं देशका उत्कृष्ट खेलाडीहरु ओझेलमा परेका छन्। त्यसबाट शिक्षा लिनु पर्छ।

# नश्लीय व्यवहारले अधोगति निम्त्याउँछ



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

क्रिकेट प्रिमियर लिग सफलतापूर्वक सम्पन्न हुँदा नेपालको गौरवपनि बढेको छ। यदि, लिग असफल भएको भए मुलुकको छवि धुमिल हुनुका साथै क्रिकेटको भविष्यमा पनि ग्रहण लाग्ने थियो। क्रिकेट लिग सफलतापूर्वक सम्पन्न भएपनि 'दुर्भाग्यवश !' केही उच्छृङ्खल युवाहरुले कीर्तिपुरको खेलमैदानको दर्शकदीर्घाबाट मधेशी समुदायप्रति अमर्यादित शब्दको प्रयोग गरेको थियो। खेलको भावनालाई विर्सनु हुँदैन्थ्यो। गतबर्ष, अरब मुलुकमा पाकिस्तान र अफगानिस्तानबीच टि-ट्वेन्टी म्याँचको क्रममा एक अर्काप्रति हुटिङ्ग गर्दागर्दै मैदानभित्रै कुटाकुट भएको थियो। कीर्तिपुर मैदान परिसरमा त्यस्तो अप्रिय घटना नभएपनि बाहिर सडकमा प्रशंसकबीच हातपातजस्ता घटनाको व्यापक रुपमा भर्त्सना हुनुपर्छ। यसप्रकारका घटनाले उग्र रुप धारण गरेको भए आगामी दिनमा यस किसिमका लिगको आयोजनामा प्रश्नचिह्न लाग्न सक्थ्यो। त्यसकारण, हामी सवैलाई सचेत हुनुपर्छ।

फुटवलको क्लव वा लिगजस्तै क्रिकेटको पनि उस्तै हो। अन्तर्राष्ट्रिय क्रिकेट परिषदले सन् २००८ सालमा क्रिकेटमा पनि लिग सञ्चालनका लागि अनुमति दिएपछि सोही बर्षदेखि क्रिकेट प्रिमियर लिगको शुभारम्भ भयो। भारतमा क्षेत्र, प्रदेश वा शहरको नाममा टिमको नामाकरण गरिएको छ। सो आधारमा सोही क्षेत्रकै खेलाडी हुनुपर्ने कुनै त्यस्तो नियम हुँदैन्। समग्रमा भन्नुपर्दा टिमका मालिकले रकम तिरेर खेलाडीलाई आफ्नो टिममा अनुबन्ध गर्छन्। उदाहरणका लागि ललित राजवंशीको पुख्यौंली घर विराटनगरको पुरानो गाउँ जतुवामा पर्छ। विराटनगरको वासिन्दा भएपनि उनी जनकपुर बोल्ट्सको टिमबाट खेलेका थिए। उनले विराटनगरविरुद्ध पनि खेलेका छन्। त्यस्तै, गुलशन झा र नन्दन यादव मधेशी प्रदेशको वासिन्दा हुन्। तर, उनीहरु कर्णाली याक्सको तर्फबाट खेलेका थिए। राजवंशी उत्कृष्ट बाँलरको सम्मानित हुँदा विराटनगरमा खुशीयाली मनाइएको हो। उनी विराटनगर आउँदा भव्य रुपमा स्वागत गर्नुका साथै नेता,पत्रकारलगायत सर्वसाधारण उनको घरमा पुगेर शुभकामना दिएका छन्। खेलाडीको सम्मान गर्नुपर्छ। विराटनगरवासी गौंरवान्वित महशुस गरेका छन्। दर्शक खेलाडीका साथै टिमको समर्थक हुनु स्वभाविक हो। आफ्नो टिमको जितका लागि खेलमैदानमा आफूलाई मनपर्ने टिमका खेलाडीको उत्साहित पार्नका लागि नारा लगानु जायज नै हो। तर, अन्य टिमका खेलाडी वा टिममाथि अभद्र व्यवहार गर्नु एक किसिमको उद्दण्डता हो।

### अमर्यादित व्यवहार

क्रिकेट प्रिमियर लिगको सेमीफाइनल प्रतियोगिता जनकपुर बोल्ट्स र कर्णाली याक्सबीच शुरु भएपछि कीर्तिपुर मैदानमा केही उच्छृङ्ख्ल युवाले मधेशी समुदायलाई होच्याउने किसिमका नारा लगाएका थिए। सामाजिक सञ्जालमा पनि धोती - धोती भनेर स्टाट्स राखेको थियो। त्यो बेलामा सरकार सजग भएको भए, सम्भवतः गत, शनिवार सुदुरपश्चिम र जनकपुर बोल्ट्सबीच भएको फाइनल खेलको अवधिमा कीर्तिपुर मैदान र खेल सम्पन्नपछि सडकमा भएका कुटाकुटको घटना नहुन सक्थ्यो। सुरक्षा व्यवस्थापनि चुस्त थियो, जस्तो अनुभूति भएन।

पहिलो कुरा त, क्रिकेट प्रिमियर लिग प्रदेशस्तरीय प्रतियोगिता होइन्। क्रिकेट टिम स्थापना गर्नेले प्रक्रियागत ढङ्गले आफ्नो टिमको नामाकरण गर्छन्। खेलाडीलाई खरिद गर्छन्। नेपालमा पहिलो संस्करणमा आठवटा टिम स्थापना भयो। सोमध्ये एउटा टिमको नाम जनकपुर बोल्ट्स हो। टीमको नाम जनकपुर भएपनि सो टिमको मालिक अमित श्रेष्ठ हुन् भनेर उल्लेख गरेका हुन्। म्यानपावर व्यवसायी श्रेष्ठको होटेलमा पनि लगानी छ। सामाजिक सञ्जालमा मधेशका नेता अनील झाले जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देल हुन्। जो भएपनि 'मधेशी' सो टिमको मालिक होइन भन्ने म विश्वस्त छुँ। टिमको मालिक पहाडी समुदायकै हुन। खेलबाट हुने नाफा र नोक्सान मालिकले नै पाउने हो। त्यो पुरस्कार र सम्मान मालिक पहाडीको, रामधुलाई मधेशी युवाको भागमा ? एघारह जना खेलाडीमध्ये चार विदेशी, चार मधेशी र तीन देशी (पहाडी) छन्। मधेशी समुदायलाई हेपने अभिप्रायले 'हाय धोती' भन्नेहरुलाई दरिलो जवाफ मधेशी युवाहरुले दिन देखिए। उक्त टीमका मालिक पहाडी र तीन पहाडी खेलाडी भएपनि जनकपुर बोल्ट्सको जितपछि 'यो जित धोतीको' भनेर जवाफ फर्काएका थिए। जनकपुर बोल्ट्स टीमलाई भव्य रुपमा स्वागत गरियो। पहाडी समुदायका केही दर्शकद्वारा घोती घोतीको नारा र मधेशी युवामाथि कुटपिटको घटनाले गर्दा जनकपुर बोल्ट्स नामक टिमको जितलाई मधेशी समुदायले आफ्नो जितको रुपमा ग्रहण गऱ्यो। सामाजिक सञ्जालमा कतिपयले जोकोही जितेपनि जनकपुर बोल्ट्स जित्नु हुँदैन भन्ने स्टाट्स राख्नेहरु कै कारण एक टिमका जित समग्र मधेशको जितको रुपमा परिणत भयो।

कीतिपुरको सडकमा मधेशी समुदायका युवाहरुमाथि कुटपिट घटनाको विरोधमा राजनीतिक दलदेखि लिएर दुवै समुदायका अभियन्ताहरुले पनि दोषिहरुमाथि कारवाहीको माग गरेको थियो। अहिले दुईजना युवक पक्राउमा परेका छन्। सामाजिक सञ्जालमार्फत नश्लीय र जातीय विभेद फैलाउने व्यक्तिमाथि कडा कारवाही हुनुपर्छ। प्रधानमन्त्रीको विरोधमा लेख्दा अविलम्ब कारवाही हुने, मुलुकलाई नै नश्लीय र जातीय द्वन्द्वमा फसाउने खालका स्टाट्स राख्ने जो कोही भएपनि उनीहरुलाई कानुनी कारवाहीमा ल्याउनुपर्ने सरकारको कर्तव्य हो। यस्तो अवस्थामा नागरिकलाई संयमता अपनाउनुपर्छ। कसैको बहकावमा नलागि राष्ट्रियतालाई वल पुग्ने खालका धारणा राख्नुपर्छ। समग्रमा भन्नुपर्दा, ति घटनाको मुलुकको सवै पक्षबाट घोर भर्त्सना हुनुका साथै दोषिमाथि अविलम्ब कारवाहीको माग पनि गरिएको हो।

क्रिकेटको नेपाल प्रिमियर लिग सफलतापूर्वक सम्पन्न हुँदा मुलुकको अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिष्ठामा अभिबृद्धि भएको छ। आउँदो दिनमा भारतको इन्डियन प्रिमियर लिगका साथै पाकिस्तान, श्रीलङ्कालगायतमा हुने प्रिमियर लिगमा अधिकांस नेपाली खेलाडीको चयनको सम्भावनाका लागि मार्ग प्रशस्त भएको रुपमा हेर्न सकिन्छ। नेपालका खेलाडीहरुले उत्कृष्ट बाँलिङ्गका साथै राम्रो बल्लेजावी गरेर आफ्नो कौशलता प्रर्दर्शित गऱ्यो। प्रत्येक खेलाडीले खेलमा कमसेकम दुई लाखदेखि दस लाख पाएका छन्। अव, क्रिकेट खेलमा अभिरुची राख्ने युवाहरु झन बढी मिहिनेत गर्छन्। किनभने, यस खेलको माध्यमबाट भविष्य उज्जवल हुन सक्नेछ। यस लिगमा प्रत्यक्ष प्रशारण गर्नेहरुले पनि नेपाली खेलाडीको खेल्ने शैलीको प्रशंसा गरेका थिए। अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसीसी) द्वारा आयोजित ६ महिनाअघि आयोजित टि-टवेन्टीको विश्वकपमा प्रतियोगितामा नेपालका खेलाडीको खेलको विश्वविख्यात खेलाडीहरुले सराहना गरेका थिए। साउथ अफ्रिकालाई जित्नका लागि आच्छु आच्छु पारेको थियो। नेपाल सो म्याँचमा हारेपनि दर्शकलगायतको मन जितेको थियो।

क्रिकेटको नेपाल प्रिमियर लिगको पहिलो संस्करणले तीन साताको लागि मुलुकभर एक किसिमले छुट्टै उत्साह र उमङ्ग प्रदान गऱ्यो। २१ दिनसम्म चलेको सो प्रतियोगितामा आठ टिमको सहभागितामा थियो। जहिलेपनि राजनीतिक चर्चा, भ्रष्टाचार, तस्करी, सत्ता परिवर्तनलगायत नकारात्मक खवर सुन्दा सुन्दा मन आजित भइसकेको अवस्थामा मात्र तीन साताकै लागि भएपनि छुट्टै क्रिकेट लिगमार्फत आनन्दको अनुभूति प्राप्त भयो। क्रिकेट खेलको बारेमा सामान्य जानकारी नभएका व्यक्तिपनि प्रत्येक दिन खेलको नतिजा कसको पक्षमा गयो भन्ने जानकारी पाउन उत्सुक देखिन्थे। प्रायः अधिकांस परिवारका सदस्यहरु घर बसेर वा साथीहरु एक ठाउँमा बसेर क्रिकेटको लिग म्याँच हेर्न जुटेका देखिन्थे। विपरीत परिस्थिति नभए, आउँदो बर्ष झन बढी उल्लासमय वातावरणमा क्रिकेट लिग हुने मार्ग प्रशस्त भएको छ। व्यवसायको दृष्टिकोणले लिगको आयोजना गरिएको भएपनि यसको माध्यमबाट कतिपय युवाको भविष्य उज्जवल बन्नेछ। नेपालका व्यवसायीहरुले पनि अन्तर्राष्ट्रियस्तरका विदेशी खेलाडीहरु सहभागी गराएर प्रतियोगिता सञ्चालन गर्ने क्षमता राख्छ भन्ने सन्देशपनि प्रवाह भएको छ।

> क्रिकेटको नेपाल प्रिमियर लिगको पहिलो संस्करणले तीन साताको लागि मुलुकभर एक किसिमले छुुै उत्साह र उमङ्ग प्रदान गऱ्यो। २१ दिनसम्म चलेको सो प्रतियोगितामा आठ टिमको सहभागितामा थियो। जहिलेपनि राजनीतिक चर्चा, भ्रष्टाचार, तस्करी, सत्ता परिवर्तनलगायत नकारात्मक खवर सुन्दा सुन्दा मन आजित भइसकेको अवस्थामा मात्र तीन साताकै लागि भएपनि छुुै क्रिकेट लिगमार्फत आनन्दको अनुभूति प्राप्त भयो।

### क्रिकेटको लिगले जगाएको आशा

एनपीएलमा दर्शकको सहभागिताले क्रिकेटप्रति उत्साह बढाउनुका साथै अर्थतन्त्रलाई समेत टेवा पुऱ्याएको छ। अर्कोतर्फ, क्रिकेट खेलमार्फत खेलाडीको भविष्यपनि उज्जवल हुने मार्ग प्रशस्त भएको छ। यसरी, अन्तर्राष्ट्रियस्तरका खेल भइरह्यो भने खेलको माध्यमबाट पर्यटन व्यवसायपनि उकालो लाग्ने छ। नेपालको पर्यटकीय क्षेत्रहरुमा विदेशका खेलाडीहरु घुमफिर गरेपछि ति क्षेत्रहरुमा पर्यटकको चाप बढ्नेछ। यसका साथै, होटल व्यवसायपनि फड्को मार्नेछ। धर्मराउन लागेको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि क्रिकेटको लिगले महत्वपूर्ण दायित्व निर्वाह गर्नेछ भनेर विश्वस्त हुन सकिन्छ। मुलुकमैं रोजगारको क्षेत्र विस्तार हुन थालेपछि वैदेशिक रोजगारतर्फ निर्भरतापनि घट्ने आशा पलाएको छ।

पहिलो संस्करणमैं विश्व क्रिकेटको प्रतियोगिता खेलेका खेलाडीहरुमा भारतका शिखर धवन, न्यूजिल्याण्डका मार्टिन गुप्टिल र जिमी निसम, अष्ट्रेलियाका वेन कटिङ र विलियम बास्टिटो, पाकिस्तानका साहेल तनवीरलगायत ४४ विदेशी खेलाडीको सहभागिता थियो। छोरीसँग एनपिएल हेर्न आएका वेष्टइन्डिजका विश्वविख्यात क्रिकेट खेलाडी ब्रायन लारा कीर्तिपुरको मैदानमा उपस्थितिले थप रौंनकता ल्याएको थियो। उनी एनपिएल हेर्न कीर्तिपुर मैदान पुगेका थिए। लारा र शिखर धवनले सगरमाथा आधार शिविर पुगेका थिए। यसले पर्यटन प्रवर्द्धनमा अन्तर्राष्ट्रिय भूमिका नै खेलेको विश्वास गरिन्छ।

पहिलो संस्करणमा एउटै मैदानमा २१ दिनसम्म खेल भयो। क्रिकेट प्रतियोगिताका लागि उपत्यकामा मात्रै सीमित नरही अन्य शहरमा पनि मैदान निर्माणका लागि जोडदार रुपमा पहल गर्नुपर्छ। त्यसको लागि कमसेकम तीनवटा अन्तर ाष्ट्रियस्तरको क्रिकेट काउन्सिलको मापदण्डको आधारमा मैदान चाहिन्छ। अहिले एकमात्र कीर्तिपुर मैदानमा प्रतियोगिता सञ्चालन भइरहेको छ। एउटै पिचमा लगातार खेल्दा पिच विग्रने गर्छन्। नेपाल एक पर्यटकीय मुलुक भएकाले सो कुरालाई ध्यानमा राखेर पोखरा, विराटनगर र जनकपुरमा अन्तर्राष्ट्रियस्तरको खेल मैदान निर्माणतर्फ सङ्घीय र प्रदेश सरकारलाई चासो राख्नपर्ने हो। किनभने, स्तरीय खेलमैदानसँग मुलुकको प्रतिष्ठा जोडिएको हुन्छ। उपत्यकामैं सीमित नरही बाहिरका शहरमा पनि प्रतियोगिता गराउनुपर्छ। अर्कोतर्फ, क्रिकेट मैदान निर्माण गर्दा काठमाडौंमा कमसेकम ५० हजार दर्शक अटाउने सक्ने र अन्य शहरमा कमसेकम २५ हजार दर्शक अटाउने खालको मैदान निर्माण गराउनुपर्छ।

### क्रिकेट टिमका मालिकहरू

काठमाडौं गुर्खाज कान्तिपुर पब्लिकेसन्स कैलाश सिरोहिया, उपेन्द्र महतो र अरुण सर्राफले तीन करोड ३३ लाख ३३ हजार ३३९ हजार रुपैयाँमा किनेको हो। उपेन्द्र महतो गैर आवासीय नेपाली सङ्घ (एनआरएन)का संस्थापक अध्यक्ष र सर्राफ पाँचतारे होटेल व्यवसायी हुन्। जनकपुर बोल्ट्सका लागि ड्रिम स्पोर्टस प्रालिले दुई करोड पाँच लाख खर्च गरेको छ। सो टिमका मालिक अमित श्रेष्ठ हुन्। उनी म्यानपावर व्यवसायीका साथै उनको होटेलपनि छ। लुम्बिनी लायन्सलाई फरच्यूना हेल्थ केयर प्रालिले एक करोड ८६ लाख रुपैयाँ लगानी गरेको चर्चा छ। सो टिमका मालिक सो केयरका सञ्चालक ईश्वर जिसी हुन्। यसका साथै, मेडिकल सामाग्रीका व्यवसायी बाबुकाजी कार्की, देवांश राणा, बुद्धएयरका प्रवन्ध निर्देशक बीरेन्द्रबहादुर बस्नेतका ज्वाई शिभाङ्क थापा, करण बस्नेत र टुन्डी कन्स्ट्रक्सनका सञ्चालक सुशील शर्मासमेत साझेदार हुन्।

त्यस्तै, चितवन राइनोजका लगि चितवन मेडिकल काँलेज (सिएमसी)ले एक करोड ७६ लाख एक हजार खर्च गरेको छ। यो टिमको मालिक सिएमसीका सञ्चालक हरीश्चन्द्र न्योपाने र आयुष न्योपाने हुन्। सुदुरपश्चिम रोयल्सलाई इम्पाइरस्पोर्टस म्यानेजमेन्ट प्रालिले एक करोड ६८ लाख ८८ हजार ८८८ रुपैयाँमा खरिद गरेको हो। यसको मालिक हुन, स्वतन्त्रप्रताप शाह। उनी अष्ट्रेलिया एनआरएनको सचिवसमेत रहनुका साथै अन्तर्राष्ट्रिय युवा व्यवसायी महासङ्घको संस्थापक अध्यक्षपनि हुन्।

सोहीअनुरुप, विराटनगर किङ्गसलाई एमएडी ड्रिम्स स्पोर्टस प्रालिले एक करोड ५१ लाख लगानी गरेको छ। जसमा चार व्यवसायी परिवार, एमएम समूह, म्याजिक समूह, अरिहन्त समूह र देवेनारा समूहको लगानी रहेको चर्चा छ। त्यस्तै, कर्णाली याक्सलाई हिमालयन बिल्डर्स एण्ड इन्जिनियर प्रालिले एक करोड ११ लाख ७० हजारमा किनेको हो। यसका मालिक झनकदत्त खनाल र सह-मालिक गृहेन्द्र घिमिरे हुन्। (टिमको मालिक सम्बन्धी स्रोत विभिन्न पत्रपत्रिका) 'इतिश्री' !

# विज्ञापनको विश्वासले निम्त्याउने स्वास्थ्य सङ्कट



डा अरुणा उप्रेती

'तपाईंको शरीरको तौल ४५ मिनेटमा नै कम हुनेछ, केही हप्ताभित्रमा सुडौल हुने', 'कपालमा भरिसकेका रौंहरु फेरि पलाउने', 'अनुहारमा भएका चायाहरु हट्ने फेरि जवान हुने' आदि कामका लागि विभिन्न सञ्चारमाध्यममा अनेकौं विज्ञापनहरु हेर्न, पढ्न र सुन्न सकिन्छ। कतिपयले ती विज्ञापनमा विश्वास गरी त्यस्ता सामग्री किनेर प्रयोग गर्दा आर्थिक हिसाबले नराम्ररी ठगिनु मात्र परेको छैन, त्यसले स्वास्थ्यमा गम्भीर जटिलता पनि ल्याएको छ।

असम्भव कुरामा विश्वास गर्नु हुँदैन भन्ने थाहा पाउँदापाउँदै पनि विज्ञापनको जालोमा धेरै मानिस फसिरहेका छन्। विशेषगरी मानिसमा रहेका केही कमजोर पक्षहरुलाई समात्न विज्ञापन गर्ने संस्था र गर्न लगाउने कम्पनीले अनेक आकर्षक कुराहरु गरेर झुक्याउन सफल हुन्छन्। त्यही कमजोर पक्षलाई पकडेर गरिने विज्ञापन माछा जालमा फसे झैं हामी फसिरहेका हुन्छौं।

उदाहरणका लागि 'मोटो मानिसका लागि खानेकुरा कम नगरे पनि हुने, व्यायाम गर्न नपर्ने, नथाकिने, खाली एक क्यापसुल औषधि बिहान बेलुका खाए पुग्ने' जस्ता विज्ञापनले त मुटुमा यसरी छुन्छ कि मोटा व्यक्तिहरु त्यस्तो औषधि जताबाट पाउन पनि लालायित हुन्छन्। त्यस्तै प्रकारले 'कम्मर पेटी बाँधेर केही छन बसेपछि पसिना निस्कन्छ अनि कम्मर त एक इन्च घटिहाल्छ' भन्ने जस्ता लोभलाग्दो कुरा विज्ञापनमा भनेपछि कम्मर घटाउन चाहने मानिस दौडेर त्यो पेटी किन्न तयार हुन्छ। त्यसरी नै 'छाला गोरो पार्न जिन्दगी सफल पार्न' भन्दै थरिथरिका क्रिमहरुको विज्ञापन गरिन्छ, त्यसले विरामी फाइदा नपुगे पनि सम्बन्धित कम्पनीलाई राम्रै आम्दानी हुन्छ।

यति हुँदाहुँदै पनि हामीहरुमध्ये धेरैले विज्ञापनमा भनिएका कुराहरु कति सत्य हुन् भन्ने कुरामा कहिल्यै सोचेका हुँदैनौं। मोटोपन घटाउन वा औषधि वा कम्मर घटाउन बेल्टले कति सहायता दिन्छ होला त ? शरीरभित्र रहेको बोसो एकैचोटी पगाल्ने कुनै औषधि हुँदैन। यदि त्यस्तो हुँदो त अमेरिकामा २५ प्रतिशत जनसंख्याले त्यो औषधि प्रयोग गर्थे होलान्। कम्मर पेटी बाँधेर पसिना निस्कँदा कम्मरको नाम ३४ इन्चबाट ३३ इन्च हुँदो हो त, त्यस्तो खालको कम्मर पेटीको उत्पादन गर्ने कम्पनी हजारौंको सङ्ख्यामा हुने थिए होला। किनभने एक दिनमा एक इन्च घट्ने कम्मर १० दिनमा १० इन्च घट्दैन थियो होला त ? शरीरको कम्मरको नाप १० दिनमा १० इन्च घट्न शरीरको तौल कति कम हुनुपर्छ होला ? १० दिनमा के आश्चर्यजनक रुपले 'केही नगरिकन' तौल कम होला र ? तैपनि किन मानिसहरुले विश्वास गर्छन् र प्रयोग गर्छन्।

विज्ञापनमा भनेका कुरा एक दिन-दुई दिन वा एकै दिनमा दशौं चोटी सुनेपछि जो कोहीलाई पनि 'हो कि, हो कि' जस्तो लाग्न थाल्छ। त्यसमाथि पनि साँच्चीकै कुनै मानिसले त्यसमाथि पनि सुडौल खालकी महिलाले आएर 'आफू पहिला मोटी भएको, तर औषधि खाएर वा कम्मरपेटी लगाएर पातलो भएर जीवन नै अर्को भएको कुरा' भनेपछि विश्वास नगर्ने पनि कसरी ?' भन्ने भावना आउँछ। हो यही भावनालाई पकडिएका छन् विज्ञापन निर्माता कम्पनीहरुले। यदि साँच्ची नै यसरी औषधि र पेटीको कारणले पातलोपन आउँदो हो त डाक्टरहरु त्यसमाथि पनि मुटु रोग विशेषज्ञहरुले बिरामीलाई यिनै औषधी वा पेटी किन्न लगाउँथे। चिनीका रोग भएको मोटा व्यक्ति, मुटुको रोग भएर तौल घटाउनु भन्ने रोगीलाई खानेकुरा कम गर्ने, व्यायाम गर्ने आदिको ठाउँमा यस्ता विज्ञापनको बढी काम लाग्थ्यो होला।

उमेर बढ्दै जाँदा जीवनशैलीका कारणले (विशेषगरी बौद्धिक काम गर्ने) व्यक्तिहरुलाई त यही पेटी र औषधि प्रयोग गर्नु भन्ने बारेमा विशेषज्ञले बोल्थे होलान्। मोटो मानिसलाई खानेकुरा कम खाएर र व्यायाम गरेर महिनौं लाग्ने काम त औषधीको एउटा चक्कीले हुने भए किन शारीरिक र मानसिक दुःख गरिरहनु पर्थ्यो र ? यदि साँच्चै यस्तो हुँदो त बिहानबिहान उठेर 'मर्निङ वाक' वा जीम गर्नेहरुले बिहानको मीठो निद्रा छोडेर गर्मी, जाडो, पानी नभनी किन दुःख गर्थे होलान् ? आधुनिक समाजमा मानिसहरुलाई विश्लेषण गर्ने समय छैन, विज्ञापनमा भनेको कुरा सुन्दासुन्दा हो जस्तो लाग्छ र फेरि त्यस्ता गलत विज्ञापनहरुको विरुद्धमा कसैले नबोल्ने र नलाग्ने हुनाले मानिसहरुलाई त हो न हो यो कुरा साँच्चीकै जस्तो लाग्छ ?

मुटुरोग विशेषज्ञ डा. प्रकाश रेग्मीको विचारमा यसरी औषधि प्रयोगबाट तौल घटाउँदा शरीरमा धेरै हानी गर्छ। यस्ता औषधिहरुले केही समयको लागि घटाए जस्तो हुन्छ तर वास्तवमा शरीरको पानी गएर तौल घटेको अनुभव हुन्छ। पसिना शरीरबाट गएर, पेटी बानेर ठूलो भइन्छ भन्ने त वाहियात विज्ञापन हो।

विज्ञापनको अर्को पक्ष देखिन्छ विभिन्न थरिका सौन्दर्य सामग्रीमा। उमेर बढ्दै जाँदा हुँदै जाने शारीरिक भित्री र बाहिरी परिवर्तनहरु रोक्छन्, वा प्रकृतिबाट लिएर आफ्नो छालाको रङ फेर्न सकिने भन्ने गरी जसरी विज्ञापन दिइन्छ, त्यसले एउटा त गलत ज्ञान वा कुराहरु भनिरहेको हुन्छ, अर्को मानवीय दृष्टिकोणले पनि कुनै खास वर्णका मानिसहरुले सोही कारणले जीवनमा सफलता प्राप्त गर्न सक्दैनन् भन्ने जस्ता विचार पनि दिइरहेका हुन्छन्।

शरीरको छालाको बनोट र रङ हामीहरुले जन्मेदेखि लिएर आएका हुन्छौं। यसलाई बाहिरी वस्तुहरु लेपन गरेर रङ्ग परिवर्तन गर्न सकिँदैन। कुनै रोग लाग्यो भने जस्तो छालाको 'ल्यूकोडर्मा' (जसमा छालाको रङ दिने वस्तु-मेलानिन कम हुँदै जान्छ भने छालाका रङ बदलिन्छ। तर छालाको रङ कालोबाट गोरो हुने वस्तु चाहिँ हुँदैन। तर 'गोरो' हुनुपर्ने र गोरो भएपछि केटा र केटीले एक अर्कालाई मन पराउँछन् भन्ने जस्ता विज्ञापन दिएर सौन्दर्य सामग्री बनाउने कम्पनीले मालामाल हुने कारण पनि हाम्रो विश्वास हो।

विज्ञापनबाट प्रेरित भएर हामी शरीरको छालालाई सफा राखेर, व्यायाम गरेर, पोषणयुक्त खाना खाएर स्वस्थ राख्नको सट्टामा सौन्दर्य सामग्री किनेर, लेप लगाएर राम्रो (गोरी) देखिन चाहन्छौं। तर यस्ता सौन्दर्य सामग्रीहरुको प्रयोग कति ठीक हो, विज्ञापनमा भनिएका कुरा कति सत्य हो, लामो समयसम्म यसको प्रयोग गरेपछि के हुन्छ भन्ने बारेमा हामी कहिले सोच्दैनौं। छाला रोग विशेषज्ञ डा. बिमला ओझा भन्नुहुन्छ, ''यस्ता विज्ञापनहरु गलत सौन्दर्य र वैज्ञानिक दृष्टिकोणले पनि ठीक छैन। मानिसको शरीर स्वस्थ रह्यो भने अनुहारको चमक आफैं आउनेछ। यस्ता विज्ञापनहरुले गलत सन्देश दिन्छन्।

त्यसरी नै विज्ञापन दिएर हाम्रो अर्थ व्यवस्थालाई कमजोर बनाउँदैछ खानेकुराको विज्ञापनले। विशेषगरी बच्चाहरुको खानेकुराको विज्ञापन विभिन्न रेडियो, टिभी, पत्रपत्रिकामा आउने यस्ता विज्ञापनहरुले गलत सूचना त दिइरहेका नै हुन्छन्। विश्व स्वास्थ्य सङ्गठनले हानीकारक, प्रयोग नगर्ने, यस्तो किसिमको सूचना दिन नहुने जस्ता बनाएका नियमहरुलाई पनि बेवास्ता गरिरहेका छन्।

फलफूलको रसहरु ताजा फलफूलले बनाइएका बट्टामा बन्द गरी केही बाहिरी वस्तु नमिसाइएको, स्वस्थ भनेर प्रचार गरिन्छ र फलफूलको सट्टामा राखिएको रस हामी साँच्ची नै फलफूलको रस भनेर ल्याउँछौं। तर विचार गर्नुस् त ? के कुनै पनि बाहिरी वस्तु नमिसाई फलफूलको रस ताजा रहिरहन सक्छ ? अर्को कुरा फलफूलका रस बनाएर राख्दा त फलफूलमा भएका कतिपय पोषणतत्व नष्ट हुन्छन् भने अर्कोतिर कहिले बनाएर राखेको र बासी फलफूलको रस चाहिँ सधैं ताजा रहन्छ भन्ने विज्ञापनमा सन्देश दिइन्छ र हामी विश्वास पनि गर्छौं। बिहान पकाएको बेलुका नखाने हामीहरु महिनौंदेखि बासी बट्टामा राखिएको फलफूलको रस ताजा झैं स्वाद मानेर खान्छौं र स्वस्थ भयौं भन्ठान्छौं। आर्थिक र स्वास्थ्य दुवै दृष्टिकोणले यसरी बट्टामा राखिएका वस्तुहरुबाट हामीले के फाइदा गर्न सक्छौं त ?

विज्ञापनमा सुनिन्छ- 'बढ्ने उमेरका बच्चाहरुका लागि घरको खाना मात्र पर्याप्त छैन। बढ्ने उमेरका बच्चाहरुलाई चाहिन्छ प्रोटिन र र अनेक किसिमका लवणहरु जुन यही फलफूलजन्य बट्टामा राखिएका वस्तुमा पाइन्छ। यो वस्तु किन्नु भयो भने तपाईंले सित्तैमा चम्चा, बाल्टिन, झोला, आदि पनि पाउनुहुन्छ।' अनि सित्तैमा पाइने वस्तुको लोभ र घरको खानाले बच्चालाई पोषण नपुग्ने भन्ने विश्वासमा परेर धेरैले त्यस्ता खानेकुरा किनेर ल्याउने गर्दछन्। मानिसहरुले यसमा विचार पुऱ्याएको देखिन्न कि त्यस्ता बट्टाहरुमा राखिएका भोजनहरु केबाट बनाइन्छन् ? प्रायः अङ्ग्रेजीमा साना अक्षरमा लेखिएका यी वस्तुहरुमा लेखिएको हुन्छ। प्रयोग गरिएका वस्तु- कोदो, चामल, गहुँ, जौ, दूध, चिनी आदि र त्यसमा यो पनि लेखिएको हुन्छ- अझ बढी क्याल्सियम मिसाइएको हुन्छ। यीमध्ये सबै वस्तु घरमा पाइन्छन् तर १० गुणा बढी मूल्य तिरेर किन्ने गरिन्छ। बाहिरका बट्टाका खानेकुरा स्वास्थ्यकर छैनन्।

यस्तै साना शिशुहरुलाई खुवाइने पोषणका बारेमा त विश्व स्वास्थ्य सङ्गठन र युनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले बनाएका नियमहरुलाई एकातिर फालेर शिशुका पोषण र दूधको लागि विज्ञापन गरिन्छ। बच्चाहरुलाई दूध बनाउने कम्पनीहरुले पहिले त आमाको दूधभन्दा बट्टाको दूध शिशुलाई फाइदा गर्छ भनेर विज्ञापन गर्थे। पछि स्वास्थ्यकर्मीहरुले त्यसको विरुद्धमा आवाज उठाएपछि विश्व स्वास्थ्य सङ्गठनले यससम्बन्धी नियम बनाएपछि यस्ता सन्देशहरु दिन चाहिं छोडेका छन् तर अन्य तरिकाले विज्ञापन र गलत सन्देश दिने काम त अझै जारी छ। घरमा रहेको जाउलो, रोटी, आलु छोडेर विज्ञापनबाट प्रेरित भएर त्यसमा बढी पैसा तिर्ने गर्दछन्। यसरी विज्ञापनको प्रभावमा परेर धेरैजना हरेक पलमा ठगिरहेका हुन्छन्। विज्ञापनकै प्रभावमा परेर हामीलाई आवश्यक नपरेका कुराहरु पनि किन्ने प्रवृत्ति छ। सही ढङ्गबाट विज्ञापन गर्ने नियम कार्यान्वयन तथा उपभोक्ताहरुमा स्वास्थ्यप्रतिको जनचेतनाको विकास नभएसम्म धेरै मानिसहरुले आर्थिक नोकसानीको साथै अनेक स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहिरहनेछ। (लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)

# एकताबद्ध प्रयासबाट समृद्धि हासिल गर्न सकिने



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पारस्परिक सद्भाव कायम गर्दै एकताबद्ध प्रयासबाट समृद्धि हासिल गर्न सकिने बताउनुभएको छ ।

नेपाल संवत् ११४५ का अवसरमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को काठमाडौँ महानगर कमिटीद्वारा शनिबार वसन्तपुरमा आयोजित जलपान कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै एमाले अध्यक्ष ओलीले एकताबद्ध प्रयासबाट मुलुकलाई शान्त र समृद्ध बनाउन सकिने उल्लेख गर्दै त्यसतर्फ लाग्न सबै तहका नेता तथा कार्यकर्तासँग आग्रह गर्नुभयो ।

कला, संस्कृति र सभ्यतामा धनी हामीले आफ्नो राष्ट्रिय पहिचान र संस्कृतिलाई बचाएर मानव जगत्को कल्याणका लागि काम गर्नुपर्नेमा प्रधानमन्त्रीको जोड थियो । त्यस अवसरमा एमाले पोलिटब्युरो सदस्यहरु आनन्द पोखरेल, रामेश्वर फुयाँल, केन्द्रीय सदस्य शान्ति अधिकारी, काठमाडौँ जिल्ला अध्यक्ष दीपक निरौला, काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोललगायत महानगर कमिटीका सदस्य सहभागी हुनुहुन्थ्यो ।रासस

# ‘राजनीतिक स्थायित्वका लागि वर्तमान सरकार गठन हो’



सुदूरपश्चिम । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले राजनीतिक स्थायित्वका लागि दुई ठूला पार्टी मिलेर सरकार निर्माण गरेको बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश कार्यसमिति तथा महासङ्घ कैलाली शाखाका नवनिर्वाचित पदाधिकारीको शनिबार धनगढीमा भएको पदस्थापन समारोहमा उहाँले मुलुकको विकासका लागि आवश्यक राजनीतिक स्थायित्वका लागि वर्तमान सरकार गठन भएको र सोहीअनुसार अघि बढेको बताउनुभयो । उहाँले वर्तमान सरकारले मुलुकलाई आर्थिक र समाजिक रुपमा कसरी अगाडि बढाउने भन्नेमा ध्यान केन्द्रित रहेको समेत उहाँको भनाइ थियो । उहाँले आर्थिक तथा समाजिक विकासका लागि देशमा लगानीको वातावरण बनाउन सरकार क्रियाशील रहेको बताउनुभयो ।

त्यस अवसरमा उहाँले नेपालमा प्रजातन्त्र, लोकतन्त्र स्थापनामा पत्रकारिता जगतको ठूलो योगदान रहेको उल्लेख गर्दै नेपाली कांग्रेस सदैव स्वतन्त्र प्रेसको पक्षमा रहेको बताउनुभयो । “हामीले संविधानको प्रस्तावनामै पनि पूर्ण प्रेस स्वतन्त्रता हुने उल्लेख गरेका छौँ, मौलिक हकमार्फत थप अधिकार सुनिश्चित गरिएको छ, यसका लागि संविधान निर्माणको समयमा कांग्रेसले ठूलो भूमिका निर्वाह गरेको छ”, उहाँले भन्नुभयो ।रासस

# सीमित स्रोत र साधनका बाबजुद पनि विकास भइरहेको छः मुख्यमन्त्री पाण्डे



ढोरपाटन । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले सीमित स्रोत र साधनका बाबजुद पनि दूरदराजसम्म विकास निर्माणलाई गति दिएको बताउनुभएको छ ।

तमानखोला गाउँपालिका-१ बोङ्गादोभानमा मोटरेबल पुल उद्घाटन गर्दै उहाँले प्रदेश सरकारले विकास नभएका ठाउँलाई प्राथमिकतामा राखेर काम गरिरहेकाले दूरदराजमा पनि विकास सम्भव भएको बताउनुभयो । शनिबार उद्घाटन गरिएको उक्त पुल विसं २०७७ मा निर्माण सुरु भइ गत महिना सम्पन्न भएको थियो ।

मुख्यमन्त्री पाण्डेले विकासको मुख्य आधार सडक पहुँच रहेकाले विकट क्षेत्रका बस्तीसम्म सडकको पहुँच पुऱ्याउने काम भइरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “सबै तिर एकैपटक विकास गर्न सम्भव हुँदैन, क्रमिक रुपमा विकास हुँदै जाने हो, पछिल्लो एक दशकमा धेरै विकास भएको छ, सडकले नागरिकको जनजीवनमा परिवर्तन ल्याएको छ ।”

बोङ्गादोभानमा पुल बनेपछि साना तथा ठूला सवारीसाधन सञ्चालन गर्न मिल्ने भएको छ । रु दुई करोड ७१ लाख २७ हजार नौ सय ६४ मा लागतमा पुल निर्माण भएपछि पुल तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानी, तमान, स्याउला, खुर्तनी, थास्पुरी लगाएका गाउँमा पुग्न सहज भएको छ ।रासस

# प्रमुख दलहरुको सहमतिमा संविधान संशोधन हुनेछ : सञ्चारमन्त्री गुरुङ

कास्की । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रमुख दलहरुसँगको सहमतिमा संविधान संशोधन गरिने बताउनुभएको छ ।माछापुछ्रे गाउँपालिका-१ टुसेमा निर्माण भएको नानामोहन ज्येष्ठ नागरिक सेवा केन्द्र भवनको शनिबार उद्घाटन गर्दै उहाँले प्रमुख राजनीतिक दलहरुको सहमतिमा संविधान संशोधन गरिने बताउनुभएको हो । उहाँले संशोधनका निम्ति संविधानको समीक्षा गरिने बताउनुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले भन्नुभयो, “सरकारमा रहेका प्रमुख दुई दलको उच्चस्तरीय राजनीतिक संयन्त्र बनेको छ । यस संयन्त्रको पहिलो काम संविधान संशोधनका लागि प्रक्रियागत काम प्रारम्भ गर्नु हुनेछ । प्रतिनिधिसभा र राष्ट्रियसभाका समितिमा विचाराधीन विधेयकहरु शीघ्र अनुमोदन गर्ने र रोकिएका विधेयक मापदण्ड तयार गरी यथाशीघ्र टुङ्गो लगाउने सरकारको योजना छ ।”

सञ्चारमन्त्रीले प्रदेश र स्थानीय तहका लागि आवश्यक कानुन चाँडै निर्माण गर्न प्रक्रियागत काम सरकारले अघि बढाएको जानकारी दिनुभयो । उहाँले ज्येष्ठ नागरिकका लागि सेवा केन्द्र स्थापना हनु सकारात्मक हो भन्दै केन्द्र सञ्चालनका लागि सरकारका तर्फबाट सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “ज्येष्ठ नागरिकको हकहित र अधिकार संरक्षण गर्न सरकार प्रतिबद्ध छ ।”

त्यस अवसरमा स्वीट्जरल्याण्डका एहमान स्टिफटङको रु पाँच करोड आर्थिक सहयोगमा निर्माण भएको दिवा सेवाकेन्द्र भवन आमास्मृति प्रतिष्ठानलाई हस्तान्तरण गरिएको थियो । भवन निर्माणका लागि स्थानीय कर्णबहादुर गुरुङले आफ्ना स्वर्गीय आमा नाना र बुबा मोहनको स्मृतिमा चार रोपनी जग्गा प्रदान गर्नुभएको थियो ।रासस

# ‘हरित अभियान ड्रुक्पा परम्पराको योगदान प्रशंसनीय छ’



काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले जलवायु परिवर्तन र वातावरणीय सङ्कटको चुनौतीपूर्ण समयमा ड्रुक्पा परम्पराले देखाएको हरित अभियान र प्राकृतिक स्रोतको दिगो उपयोगसम्बन्धी योगदान प्रशंसनीय रहेको बताउनुभएको छ । ड्रुक अमिताभ माउन्टेन (ह्वाइट गुम्बा)मा शनिबारदेखि सुरु भएको दसौँ वार्षिक ड्रुक्पा काउन्सिललाई सम्बोधन गर्दै उहाँले ड्रुक्पा परम्पराले अघि सारेका प्रयासबाट सकारात्मक प्रभाव परेको छ भन्नुभयो ।

“नेपालजस्तै हिमाली देशका लागि पनि यस्ता अभियान विशेष महत्वका छन्, धार्मिक सहिष्णुता, आन्तरिक शान्ति र मानवताका लागि समर्पित जीवन जीउने प्रेरणाका लागि ड्रुक्पा परम्पराको योगदान विशेष रहेको छ”, अध्यक्ष दाहालले भन्नुभयो । उहाँले लैङ्गिक समानताको प्रवर्द्धन, पदयात्रा र साइकल यात्रामार्फत वातावरणीय अनुकूल र दिगो जीवनशैलीप्रति सचेतना जगाउने, सरसफाइ अभियान आयोजना र सबै प्राणीको हितका कार्यमा ड्रुक्पा परम्पराको सक्रिय सहभागिता प्रशंसनीय रहेको बताउनुभयो ।

अध्यक्ष दाहालले दसौँ वर्षमा प्रवेश गरेको वार्षिक ड्रुक्पा परिषद् ड्रुक्पा परम्पराको समृद्ध विरासत र यसको विश्वव्यापी प्रभावको उत्सवका रुपमा रहेको बताउनुभयो । उहाँले परिषद् विभिन्न पृष्ठभूमिका मानिसलाई एकसाथ ल्याउने, सम्बन्ध गाँस्ने र प्रेरणा लिने मञ्च बनेको जनाउनुभयो ।

ड्रुक्पा परम्पराले विश्वभरि शान्ति, सहिष्णुता र दयाभावको सन्देश फैलाउँदै आएको उल्लेख गर्दै अध्यक्ष दाहालले यस परम्पराले आफ्नो धार्मिक शिक्षाबाट मात्र नभई पर्यावरणीय संरक्षण, सामाजिक सेवाभाव र मानव कल्याणको भावना संसारभरि फैलाउन भूमिका खेलेको बताउनुभयो । “यो सभाले ड्रुक्पा समुदाय र यससँग सम्बद्ध सम्पूर्ण अनुयायीका लागि आगामी कार्यक्रमका साथै मार्गदर्शन गर्नेछ”, उहाँले भन्नुभयो, “धार्मिक शिक्षा र अभ्यासलाई प्रोत्साहित गर्ने मात्र नभई यस सभाले आधुनिक समाजका चुनौतीसँग जुध्न सक्ने व्यावहारिक समाधानका उपाय पनि प्रस्तुत गर्नेछ ।”

भुटानका गृहमन्त्री लोन्पो छिरिङले आध्यात्मिक जागरण फैसालउनुका साथै लैङ्गिक समानता वातावरण संरक्षण, वृक्षरोपण, वातावरणीय सचेतना फैलाउन काउन्सिलले लिएका पहल सह्रानीय रहेको छ भन्नुभयो । नेपाल बौद्ध सङ्घका अध्यक्ष खेन्पो थुम्तेन जिग्दोलले ड्रुक्पा परम्पराका अनुयायीले समस्त प्राणी जगत्को हितका लागि गर्दै आइरहेका कार्य अनुकरणीय रहेको बताउनुभयो ।

सो अवसरमा डक्पा वंश, यात्रा र ड्रुक्पा योगी तथा गुरुका बारेमा जानकारी मुलक भिडियो प्रस्तुत गरिएको थियो । समारोहमा विभिन्न मुलुकबाट सहभागी ड्रुक्पा अनुयायीले सांस्कृतिक प्रस्तुति दिनुभएको थियो ।पाँच दिनसम्म चल्ने सो कार्यक्रममा पवित्र ड्रम अनुष्ठान प्रदर्शन, आध्यात्मिक शिक्षाको आदानप्रदान, आत्मरक्षा, मानव बेचबिखन र दिगो जीवनशैलीका विषयमा कार्यशाला आयोजना हुनेछ । साथै ग्यालवाङ ड्रुक्पा, ग्यालवा दोखाम्पा र क्याब्जे ड्रुपबोन खम्टाक रिन्पोचेलगायतले धर्म, परोपकार र पर्यावरणीय नैतिकतालगायत विषयमा प्रवचन दिनुहुनेछ ।

कार्यक्रममा ड्रुक्पा परम्पराका गुरु ग्यालवाङ ड्रुक्पा रेन्पोछे, भुटानका राजपरिवारका सदस्य र आफन्तजन, विभिन्न मुलुकबाट आउनुभएका ड्रुक्पा परम्पराका सदस्य, आध्यात्मिक गुरु, विद्यार्थीलगायत तीन हजार भन्दा बढीको सहभागिता रहेको ह्वाइट गुम्बाका प्रवक्ता जिग्मे याङ्चेन गामोले जानकारी दिनुभयो ।रासस

# पिएल प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा हुनुहुन्थ्यो: सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले काठमाडौँ महानगरपालिका पूर्वप्रमुख पिएल सिंह मुलुकको प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा हुनुहुन्थ्यो भन्नुभएको छ । नेपाली कांग्रेस जिल्ला कार्यसमिति काठमाडौँद्वारा स्वर्गीय सिंहको १३औँ पुण्यतिथिमा शनिबार भएको श्रद्धाञ्जलीसभामा पूर्वप्रधानमन्त्री देउवाले जनसम्पर्क एवं लोकप्रियताका आधारमा उहाँ समकालीन नेताहरुमा धेरै अगाडि रहनुभएको बताउनुभयो ।

सभापति देउवाले प्रजातान्त्रिक आदर्श तथा सिद्धान्तप्रति प्रतिबद्ध उहाँले लौहपुरुष गणेशमान सिंहको परिवारको मात्र नभई सम्पूर्ण काठमाडौँवासीको सेवामा आफ्नो जीवन समर्पण गरेको बताउनुभयो ।नेपाली कांग्रेसको संस्थागत साङ्गठनिक विकासमा उहाँले निर्वाह गर्नुभएको भूमिकाको सराहना गर्दै स्वर्गीय सिंहले देखाएको बाटोमा इमान्दार भएर लाग्न पार्टीका नेता तथा कार्यकतालाई आह्वान गर्नुभयो ।

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रजातान्त्रिक सिद्धान्त र आदर्शको राजनीतिलाई श्रीसिंहले निष्ठाका साथ अनुशरण गर्नुभएको बताउनुभयो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मुलुकको लोकतान्त्रिक आन्दोलनमा स्वर्गीय नेता सिंहले निष्ठाको राजनीति गर्ने आदर्श योद्धाका रुपमा आफूलाई स्थापित गरेको बताउनुभयो । नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले जनताका अधिकारका लागि सधैँ अग्रमोर्चामा रही स्वर्गीय सिंहले राजनीतिक गर्नुभएको सम्झनुभयो ।

नेपाली कांग्रेसका नेताहरु राजेन्द्र केसी, सबुजकृष्ण बानियाँ, भीमसेनदास प्रधान, गोकर्ण केसी र जीवन डङ्गोललगायत वक्ताले काठमाडौँ उपत्यकामा पार्टीको सङ्गठन विस्तार कसरी गर्ने भन्ने शिक्षा स्वर्गीय सिंहबाट लिनुपर्ने बताउनुभयो ।विसं २०५२ मङ्सिर २९ गते काठमाडौँ नगरपालिकालाई पिएल सिंहको नेतृत्वमा महानगरपालिका घोषणा गरिएको थियो । रासस


## Invitation for Bids

**Madhesh Province Government**

**Ministry of Health and Population**

## Province Health Logistic Management Center

**Janakpurdham, Dhanusha**

**Date of Publication: 29 December 2024**

1. The Ministry of Health and population, Province Health logistic Management Center, Janakpurdham invites electronic bids from eligible bidders for the procurement of below mentioned commodities under National competitive bidding – Single Stage Two Envelope (IS2E) procedures.
2. Eligible Bidders may obtain further information from PPMO eGP system www.bolpatra.gov.np/egp
3. A Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Limited

**Name of Office:** Province Health Logistic Management Center

**Office Code no.:** 3500717012

**Revenue Account no.:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti A/C no.:** 1220100202030000

4. Pre-bid meeting shall be held at Province Health Logistic Management Center at 01:00PM, 16 January 2025
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 28 January 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00PM on 28 January 2025 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of below amounts, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

| IFB No. | IFB Name | Bid Fee | Bid Security |
|---|---|---|---|
| MP/PHLMC/NCB/ GOODS-11.1/2081-082 | The Procurement and Supply of Medicines for Non-Communicable Diseases (Package-I) | 5000/- | 7,50,000/- |
| MP/PHLMC/NCB/ GOODS-11.2/2081-082 | The Procurement and Supply of Inhaler and DPI Device (Package-II) | 3000/- | 80,000/- |

**(Director)**


# सूर्यको सर्वाधिक नजिक अन्तरिक्षयान पुर्‍याएर नासाले रच्यो इतिहास

बीबीसी

काठमाण्डु । आफ्नो एउटा अन्तरिक्षयान सूर्यको सबैभन्दा नजिक पुगेर इतिहास रचेको अमेरिकी अन्तरिक्ष निकाय नासाले जनाएको छ।

केही दिनदेखि सञ्चारसम्पर्कबाट विच्छेद भएको 'पार्कर सोलर प्रोब'बाट बिहीवार मध्यरातअघि वैज्ञानिकहरूले एउटा सङ्केत पाएका छन्।नासाले उक्त 'प्रोब' “सुरक्षित“ रहेको र सौर्य सतहबाट ६१ लाख किलोमिटरनजिक पुगेपछि पनि सामान्य रूपमा सञ्चालन भएको बताएको छ। उच्च ताप र चरम विकिरणको सामना गर्दै सूर्यको नजिक पुगेको उक्त यानका कारण सूर्यले कसरी काम गर्छ भन्ने हाम्रो बुझाइलाई थप सशक्त बनाउने बताइएको छ। नासा उक्त अन्तरिक्षयानलाई सूर्यको सर्वाधिक नजिक पठाएर नयाँ कीर्तिमान बनाउने अभियानमा रहेको थियो।

नासाको योजनाअनुसार 'पार्कर सोलर प्रोब' सूर्यको बाह्य मण्डलमा प्रवेश गरेको बताइएको छ। त्यस क्रममा उक्त यानले अत्यधिक तापक्रम र विकिरण सामना गरेको थियो।त्यो उडानका क्रममा उक्त यान केही दिन सञ्चारसम्पर्कबाट छुट्टिने कार्य पूर्वयोजना अनुरूप नै भएको हो। वैज्ञानिकहरू उक्त यान सकुशल रहे वा नरहेको पत्ता लगाउन सङ्केतको प्रतीक्षामा थिए। त्यस्तो सङ्केत प्राप्त भएपछि उक्त यान सुरक्षित रहेको पुष्टि भएको हो।नासा वेबसाइटमा जनाइएअनुसार ६,९२,००० किलोमिटर प्रतिघण्टाको गतिमा चलिरहेको अन्तरिक्षयानले ९८० डिग्री सेल्सियससम्मको तापक्रम सहेको छ।



सूर्यको एकदमै नजिकबाट गरिएको यो अध्ययनले “वैज्ञानिकहरूलाई त्यस क्षेत्रको सामग्री कसरी लाखौं डिग्री सेल्सिअसमा तातो हुन्छ र सौर्य आँधीको उत्पत्तिबारे“ पत्ता लगाउन मद्दत गर्ने नासाको भनाइ छ।त्यस्तै “कसरी ऊर्जायुक्त कणहरू झन्डै प्रकाशको गतिमा कसरी द्रुत हुन्छन् भन्ने पत्ता लगाउन“ पनि सहयोग पुग्ने ठानिएको छ।“सयौँ वर्षदेखि मानिसहरूले सूर्यबारे अध्ययन गर्दै आएका छन्। तर नपुगेसम्म कुनै ठाउँ कस्तो छ भन्ने महसुस गर्न सकिँदैन,“ नासाको विज्ञान विभागकी प्रमुख निकोला फक्सले यसअघी बीबीसी न्यूजसँग भनेकी थिइन्।

उनका अनुसार सूर्यको निश्चित भाग कस्तो छ भनेर थाहा पाउनका लागि पनि त्यहाँ त्यस्तो उडान गर्नै पर्ने हुन्छ। सौर्यमण्डलको मध्यभागतिर जाने गरी पार्कर सोलर प्रोब सन् २०१८ मा प्रक्षेपण गरिएको थियो।यो प्रोब २१ पटक सूर्यनजिक पुगिसकेको छ। तर क्रिस्मसको अघिल्लो दिन मङ्गलवार अझ निकटको बिन्दु पुगेर यसले पुराना कीर्तिमानहरू भङ्ग गर्ने वैज्ञानिकहरूको आकलन छ।निकटतम बिन्दुमा पुग्दा यो प्रोब सूर्यको सतहभन्दा ३८ लाख माइल (६२ लाख किलोमिटर)को दूरीमा हुने छ।त्यो दूरी तपाईंलाई निकै धेरै लाग्न सक्छ।

तर निकोला फक्स त्यसलाई तुलनात्मक दृष्टिकोणबाट हेर्नुपर्ने ठान्छिन्। “हामी सूर्यभन्दा ९.३ करोड माइल टाढा छौँ। यदि सूर्य र पृथ्वीलाई एक मिटरको दूरीमा राख्ने हो भने 'पार्कर सोलर प्रोब' सूर्यभन्दा चार सेन्टिमिटर टाढा हुन्छ। त्यसैले त्यो निकै नजिक हो,“ उनले भनिन्।उक्त प्रोबले १,४०० डिग्री सेल्सिअससम्मको तापक्रम र विकिरण झेलेको छ। त्यस्तो अवस्थामा त्यसभित्र रहेका विद्युतीय उपकरणहरू गल्न सक्थे।उक्त प्रोबलाई जोगाउन ११.५ सेन्टिमिटर बाक्लो 'कार्बन-कम्पोजिट'बाट निर्मित कवच बनाइएको छ। सूर्यको वाह्य मण्डलमा तीव्र गतिमा प्रवेश गर्ने र निस्किने रणनीतिमा यो यान छ।

यो प्रोब मानवनिर्मित अन्य यान वा वस्तुभन्दा तीव्र गतिमा उड्छ। यसको गति ४.३ लाख माइल प्रतिघण्टा छ। त्यो वेगमा यात्रा गर्ने हो भने ३० सेकन्डभन्दा कम समयमा लन्डनबाट न्यूयोर्क पुगिन्छ। सूर्य “छुने“ यस्तो प्रयास किन गरिँदै छ त?सूर्यको बाह्य मण्डल 'करोना'मा यो यान उड्दा एउटा पुरानो रहस्यको कारण पत्ता लगाउन सकिने वैज्ञानिकहरूले ठानेका छन्

।“करोना निकै धेरै तातो छ तर हामीलाई त्यसको कारण थाहा छैन,“ फिफ्थ स्टार ल्याब्समा कार्यरत खगोलविद् डा जेनिफर मिलर्डले भनिन्।

“सूर्यको सतह झन्डै ६,००० डिग्री सेल्सिअस छ। तर करोना जुन सूर्यग्रहण लाग्दा देखिने बाह्य मण्डल हो त्यसको तापक्रम लाखौँ डिग्री पुग्छ। त्यो सूर्यको सतहबाट निकै टाढा छ। वाह्य मण्डल कसरी निकै तातो बन्छ?“ यो अभियानले वैज्ञानिकहरूलाई सौर्य आँधीबारे पनि थप कुरा बुझ्न सघाउने ठानिएको छ। सौर्य आँधीमा करोनाबाट निरन्तर निस्किने आयनीकृत कणहरू हुन्छन् । ती कणहरूले पृथ्वीको चुम्बकीय क्षेत्रसँग अन्तरक्रिया गर्दा आकाशमा रङ्गीन प्रकाशयुक्त 'ओरोरा' बन्छ।'अन्तरिक्ष मौसम' पनि भनिने यो प्रक्रियाका कारण कहिलेकाहीँ समस्या पनि उत्पन्न हुन सक्छ। ऊर्जा आपूर्ति गर्न निर्मित ग्रिडहरू, विद्युतीय सामग्रीहरू र सञ्चार प्रणाली त्यसबाट प्रभावित हुन सक्छन्।“सूर्य, त्यसका गतिविधि, अन्तरिक्ष मौसम, सौर्य आँधीबारे बुझ्नु पृथ्वीमा हाम्रो दैनिक जीवनका लागि निकै महत्त्वपूर्ण हुन्छ,“ डा मिलर्डले भनिन्। नासाका वैज्ञानिकहरू उक्त यान आफ्नो सम्पर्कमा नहुने समयको प्रतीक्षामा थिए।

फक्सले उक्त यानले पृथ्वीमा पुनः सङ्केत पठाएपछि आफ्नो टोलीले आफूलाई त्यसबारे सूचित गर्ने बताएकी थिइन्।उनी यो “दुस्साहसिक प्रयास“कारण आफू व्यग्र भएको स्वीकार गरेकी थिइन्

। तर उनी आशावादी थिइन्।उनले भनेकी थिइन्, “मलाई यो यानबारे चिन्ता छ। तर हामीले सबै खालका क्रूर अवस्था सहन सक्ने गरी यसको निर्माण गरेका छौँ। यो कठोर, सानो तर कठोर अन्तरिक्षयान हो।“

# आप्रवासी सङ्कटका कारण घरबारविहीनको संख्या उच्च

सिन्ह्वा

न्यूयोर्क ।संयुक्त राज्य अमेरिकामा घरबार विहीनता उच्च स्तरमा पुगेको जो बाइडन प्रशासनको एक नयाँ रिपोर्टले देखाएको छ। देशमा करिब २० वर्षअघि सङ्घीय सरकारले यस बिषयमा रेकर्ड राख्न सुरु गरेको थियो।

सन् २०२४ को जनवरीमा एकै रातमा करिब सात लाख ७२ हजार मानिस घरबारविहीन भएका थिए, जुन अघिल्लो वर्षको तुलनामा १८ प्रतिशतले बढी हो ।ब्लुमबर्ग न्यूजले शुक्रबार सरकारी प्रतिवेदनलाई सङ्कटमा पार्दा पारिवारिक बेघर वा आश्रयविहीन जनसं ्याको यो वृद्धि, लगभग ७ प्रतिशतले बढेको छ ।सीमामा कमजोर सुरक्षाको कारण आप्रबासीहरूको प्रवेश बढेको र यसरी आएका आप्रबासी दक्ष र यसका कारण उनीहरू बेरोजगार बन्ने र घरबारबिहीन हुने क्रम बढ्ने गरेको छ । यसबाहेक दुर्व्यसनीका कारण पनि अमेरिकीहरूले आफ्नो आश्रयस्थल गुमाउँदा घरबारबिहीन बनने गरेका रिपोर्टमा उल्लेख गरिएको छ।



उद्धृत गर्दै भनेको छ, “यो संख्या सन् २०२३ को तुलनामा ३९ प्रतिशतले वृद्धि भएको र यसमध्ये ८० हजारभन्दा बढी बालबालिका भएका परिवार रहेका छन् ।

जनवरीमा न्युयोर्क शहर, डेनभर, सिकागो र अन्य शहरहरूमा आप्रवासीहरूको आगमनले आश्रय प्रणालीलाई

ह्वाइट हाउस र अमेरिकी आवास तथा शहरी विकास विभागका अधिकारीहरूका अनुसार बाइडेनले शरणको दाबीमाथि कडा कदम चालेपछि गत जुनदेखि नै यो सङ्कट कम भएको जनाएका छन् । अधिकारीहरूले गैरकानुनी रूपमा सीमा पार गर्ने क्रम निकै कम भएको बताएका छन् ।

# टिकटकमाथि प्रतिबन्ध अघि नबढाउन अदालतलाई ट्रम्पको आग्रह



एएफपी

वासिङ्टन । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो जनवरी २० को सपथअघि टिकटक लाई चिनियाँ मालिक बाइटडान्सले बिक्री नगरे प्रतिबन्ध लगाउने कानुन रोक्न सर्वोच्च अदालतलाई आग्रह गर्दै शुक्रबार एक संक्षिप्त निवेदन दर्ता गर्नुभएको छ ।

ट्रम्पको कानुनी टोलीले लेखेको छ, “यस मुद्दाको नवीनता र कठिनाईलाई ध्यानमा राख्दै, अदालतले यी मुद्दाहरूलाई सम्बोधन गर्न थप समय प्रदान गर्न हालको वैधानिक समयसीमालाई स्थगन गर्न विचार गर्नुपर्छ।”

ट्रम्पले सन् २०१७/०२१ को पहिलो कार्यकालमा टिकटकको चर्को विरोध गर्नुभएको थियो र राष्ट्रिय सुरक्षाको कारण देखाउँदै भिडियो एपमाथि प्रतिबन्ध लगाउने असफल प्रयास गर्नुभएको थियो । चिनियाँ सरकारले अमेरिकी टिकटक प्रयोगकर्ताको तथ्याङ्क चोर्न सक्ने वा प्लेटफर्ममा जे देखिन्छ त्यसमा हेरफेर गर्न सक्ने भन्दै रिपब्लिकनले चिन्ता व्यक्त गर्दै प्लेटफर्ममाथि प्रतिबन्ध लगाउन माग माग गरेको थियो ।

अन्य अमेरिकी अधिकारीहरूले पनि युवाहरूमाझ भिडियो शेयरिङ एपको लोकप्रियतामा चिन्ता व्यक्त गरेका थिए र यसको मूल कम्पनी चीनको अधीनमा रहेको र एपको प्रयोग प्रोपोगान्डा फैलाउनका लागि गरिएको आरोप लगाएका थिए ।ट्रम्पले बिक्री मूल्यमा सरकारको साझेदारीको साथ एक अमेरिकी कम्पनीलाई टिकटक खरिद गर्न प्रस्ताव गर्नुभएको छ ।

समयक्रमसँगै, ट्रम्पको टिकटकप्रतिको धारणालाई पछ्याउँदै वर्तमान राष्ट्रपति जो बाइडेन एक चरण अगाडि बढ्नुभएको छ । उहाँले ट्रम्पले लगाएका समान कारणहरू देखाउँदै एपलाई प्रतिबन्ध लगाउने कानूनमा हस्ताक्षर गर्नुभएको छ तर, अहिले ट्रम्पले आफ्नो बाटो परिवर्तन गर्नुभएको छ ।

ब्लुमबर्गसँगको कुराकानीमा उहाँले भन्नुभएको छ, “अहिले मेरो टिकटकबारे धारणा फरक बनेको छ । म टिकटकको पक्षमा छु किनकि हामीलाई प्रतिस्पर्धाको आवश्यकता छ।उहाँले भन्नुभयो, “यदि हामीसँग टिकटक छैन भने यसको विकल्पमा जुकरबर्गको फेसबुक र इन्स्टाग्राम हुनेछ । यसको एकाधिकारले सामाजिक सञ्जालमा प्रतिस्पर्धाको वातावरण रहने छैन।”

मार्क जुकरबर्गले स्थापना गरेको फेसबुक र मेटा सामाजिक साम्राज्यको एक हिस्सा हो । फेसबुकले सन् २०२१ जनवरी ६ मा अमेरिकी संसद्मा ट्रम्पका समर्थकहरूले आक्रमण गरेपछि ट्रम्पमाथि प्रतिबन्ध लगाएको थियो ।

यो प्रतिबन्ध ट्रम्पले थप हिंसालाई बढावा दिनको लागी प्लेटफर्मको उपयोग गर्ने चिन्ता को कारण प्रेरित रहेको दाबी मेटाको थियो ।ट्रम्पमाथि सामाजिक सञ्जाल प्लेटफर्ममा लगाइएको प्रतिबन्ध पछि हटाइएको थियो ।

# टर्कीएको पिकेके प्रतिनिधिमण्डलले जेलमा रहेका नेतालाई भेट्ने

एएफपी

इस्तानबुल । टर्कीएको मुख्य कुर्द समर्थक डेम पार्टीको एक प्रतिनिधिमण्डलले शनिबार इस्तानबुलको जेलमा रहेका पीकेके नेता अब्दुल्लाह ओकलानलाई भेट्ने भएको छ ।'प्रतिनिधिमण्डल बिहानै प्रस्थान गरेको थियो,' स्रोतले एएफपीसँग भन्यो, “सुरक्षाको कारण देखाउँदै उहाँबारे विस्तृत जानकारी दिनुभएन । करिब १० वर्षमा पार्टीको यो पहिलो भ्रमण हुनेछ ।

डेमको तत्कालिन नेतृत्वले अन्तिम पटक अप्रिल २०१५ मा ओकलानलाई भेटेको थियो । करिब आधा शताब्दीअघि कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) को स्थापना गरेका र सन् १९९९ देखि भूमिगतरूपमा रहेका ओकलानलाई भेट्न डेमको अनुरोधलाई सरकारले शुक्रबार अनुमोदन गरेको थियो ।पीकेकेलाई टर्कीए र संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घसहित यसका अधिकांश पश्चिमी सहयोगीहरूले ' आतंकवादी' सङ्गठनको रूपमा लिन्छन् । केन्यामा टर्कीएको सुरक्षा फौजले हलिउड शैलीको कारबाही चलाएको आरोपमा २५ वर्षअघि पक्राउ परेका ओकलानलाई मृत्युदण्डको सजाय सुनाइएको थियो ।

सन् २००४ मा टर्कीएले मृत्युदण्डको सजाय खारेज गरेपछि उहाँलाई फाँसीको सजाय भएको थियो । उहाँले पछिल्ला वर्षहरू इस्तानबुलको दक्षिणमा रहेको इमराली टापुमा रहेको एकान्त जेलमा बिताइरहनुभएको छ । राष्ट्रपति रेसेप तैयप एर्दोगानको राष्ट्रवादी सहयोगी एमएचपी पार्टीका नेता डेभलेट बाहसेलीले ओकलानलाई 'आतङ्क' त्याग्न र लडाकू समूहलाई विघटन गर्न संसद्मा आउन निमन्त्रणा दिएपछि शनिबारको दुर्लभ भ्रमण सम्भव भएको हो ।एर्दोगानले यो अपिललाई 'अवसरको ऐतिहासिक झ्याल' को रुपमा व्याख्या गर्नुभएको छ ।



# भारतका पूर्वप्रधानमन्त्री सिंहको राजकीय सम्मानसहित अन्त्येष्टि

एएफपी

नयाँदिल्ली । भारतको आर्थिक उदारीकरणका लागि महत्वपूर्ण भूमिका खेल्नुभएका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको राजकीय अन्त्येष्टि अघि उहाँको पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गर्न उहाँका शुभचिन्तक शनिबार भारतको राजधानी दिल्लीमा भेला भएका भएका थिए ।

सन् २००४ देखि २०१४ सम्म राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएका सिंहको बिहीबार ९२ वर्षको उमेरमा निधन भएपछि सात दिनको राष्ट्रिय शोक घोषणा गरिएको छ ।फूलको मालाले ढाकिएको उहाँको पार्थिव शरीरलाई श्रद्धाञ्जलिका लागि नयाँ दिल्लीस्थित कांग्रेस पार्टीको मुख्यालयमा लगिएको छ ।उहाँको पार्थिव शरीरलाई पूर्ण राजकीय सम्मानका साथ शनिबारै अन्त्येष्टि गरिएको छ ।

उहाँको अन्त्येष्टिमा प्रधानमन्त्री नरेन्द्र मोदीलगायतका नेताहरूको सहभागिता हुने बताइएको छ । प्रधानमन्त्री मोदी सिंहलाई भारतका 'विशिष्ट नेता' मध्ये एक व्यक्ति भएको उल्लेख गर्नुभएको छ । विपक्षी काङ्ग्रेसका नेता राहुल गान्धीले आफूले एक गुरु र मार्गदर्शक गुमाएको बताउँदै सिंहले अपार बुद्धि र निष्ठाका साथ भारतको नेतृत्व गरेको बताउनुभएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले सिंहलाई 'सच्चा राजनेता' को संज्ञा दिँदै भन्नुभयो, “उहाँले आगामी पुस्ताका लागि भारत र समग्र विश्वलाई बलियो बनाउने



ऐतिहासिक प्रगतिको खाका तयार पार्नुभएको छ ।”

कर्मचारीबाट राजनीतिमा आउनुभएका पूर्व प्रधानमन्त्री सिंहको पहिलो कार्यकालमा आर्थिक उछालका लागि उहाँलाई उच्च सम्मान गर्ने गरिएको छ । सिंहको दोस्रो कार्यकालमा भने केही भ्रष्टाचारका ठूला काण्ड, सुस्त आर्थिक वृद्धि र उच्च मुद्रास्फीतिको शृत लापछि सन् २०१४ मा काङ्ग्रेसबाट प्रतिस्पर्धी भारतीय जनता पार्टीले सत्ता लिन सफल भएको थियो । सन् १९३२ मा हाल पाकिस्तानमा रहेको गह गाउँमा जन्मिएका सिंहले तत्कालीन बेलायतशासित भारतमा गरिबी उन्मूलनको उपाय खोज्न अर्थशास्त्रको अध्ययन गर्नुभएको बताउने गर्नुहुन्थ्यो ।

उहाँले क्याम्ब्रिज विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको थियो भने अक्सफोर्डबाट विद्यावारिधी पूरा गर्नुभएको थियो ।

सिंहले वरिष्ठ निजामती सेवामा उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो । भारतीय केन्द्रीय बैङ्कको गभर्नरको रूपमा काम गर्नुभएका उहाँले संयुक्त राष्ट्र सङ्घलगायत विश्वव्यापी निकायहरूमा विभिन्न कामको नेतृत्वसमेत लिनुभएको थियो ।

सन् १९९१ मा तत्कालीन कांग्रेस प्रधानमन्त्री पीभी नरसिंह रावले उहाँलाई अर्थमन्त्रीको रूपमा सेवा गर्ने र भारतलाई आधुनिक इतिहासको सबैभन्दा खराब वित्तीय सङ्कटबाट मुक्त गर्ने जिम्मा दिनुभएको थियो । उहाँ अर्थमन्त्रीका रूपमा दिएको सफलताले उहाँलाई दुई कार्यकालसम्म प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो । आफ्नो पहिलो कार्यकालमा सिंहले नौ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति गर्दै भारतीय अर्थतन्त्रलाई कुशल नेतृत्व प्रदान गर्नुभएको थियो ।

उहाँले संयुक्त राज्य अमेरिकासँग ऐतिहासिक आणविक सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो जसले भारतलाई भारतको बढ्दो ऊर्जा आवश्यकता पूरा गर्न मद्दत गर्नेछ ।भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले सिंहलाई श्रद्धाञ्जलि दिँदै भन्नुभएको छ, “सिंहलाई राष्ट्रका लागि उहाँको सेवा, निष्कलङ्क राजनीतिक जीवन र परम विनम्रताको लागि सधैं सम्झना गरिनेछ।”

# निलम्बित राष्ट्रपति युनको पक्ष र विपक्षमा देशव्यापी विरोध प्रदर्शन

एएफपी

सियोल । दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलमाथि महाभियोग लगाइएको दुई सातापछि उहाँका समर्थक र विरोधीले शनिबार विरोध प्रदर्शन गरेका छन् ।

गत डिसेम्बरको शुरुमा सैनिक शासन लागू गर्न खोजेपछि युनको पक्ष र विपक्षमा व्यापक प्रदर्शन भएको छ र यसले देशलाई दशकौं यताकै सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेलेको छ ।युनको महाभियोग प्रक्रिया पूरा गर्न र उहाँलाई न्यायको कठघरामा ल्याउन माग गर्न अस्वीकार गरेपछि सांसदहरूले शुक्रबार युनको स्थानमा कार्यवाहक राष्ट्रपति बन्नुभएका हान डक-सोमाथि महाभियोग लगाएका थिए ।

युन र हानको भाग्यको फैसला संवैधानिक अदालतले गर्ने हो तर दुवै खेमाका प्रदर्शनकारीले यसबीचमा दबाब जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।“राष्ट्रपति युनको रक्षाका लागि करिब २० लाख मानिस एकजुट हुनेछन्,” सियोलमा आयोजित र्‍याली आयोजकमध्येका एक युनका समर्थक री काङ सानले बताउनुभयो । उहाँले भन्नुभयो, “महाभियोगविरुद्ध जनताको आवाजलाई अझ सशक्त बनाउने हाम्रो प्रयासलाई र्‍यालीले निरन्तरता दिएको छ।”

युन विरोधी र्‍यालीका आयोजकले उहाँविरूद्धको महाभियोगलाई समर्थन गर्नेहरुको आक्रोश 'झनै चर्को रुपमा जलिरहेको' बताए । र्‍यालीका सहभागीले 'अब युनलाई तत्काल बर्खास्त गर्न र सजायको माग गरिरहेका' बताएका छन् ।विपक्षी र हानबीच उहाँले संवैधानिक अदालतमा रिक्त रहेका तीन थप न्यायाधीशहरू नियुक्त गर्न इन्कार गर्नुभएपछि द्वन्द्व बढेको र पछि यसैको शिलशिलामा उहाँले कोही 'सैन्य कानुन' कार्यान्वयन गर्ने घोषणापछि विपक्षी निलम्बित राष्ट्रपति र उहाँका मन्त्रीहरूप्रति आक्रोशित बनेका छन् ।

युनलाई महाभियोग लगाउने संसदको निर्णयलाई कायम राख्ने वा नराख्ने भन्ने विषयमा अहिलेका छ जना न्यायाधीशले निर्णय गर्न सक्ने भए पनि असहमति जनाउने मतले उहाँलाई पुनर्बहाली गर्नेछ ।विपक्षीहरूले हानले नौ सदस्यीय बेन्च भर्नका लागि थप तीन जना मनोनीत व्यक्तिहरूलाई अनुमोदन गरोस् भन्ने चाहन्थे, जुन उहाँले गर्न अस्वीकार गर्नुभएको थियो । यसले गर्दा दुवै पक्ष गतिरोधमा परेका थिए।

दोस्रो महाभियोगले अर्थमन्त्री चोइ साङ मोकलाई कार्यवाहक राष्ट्रपति र प्रधानमन्त्रीको भूमिकामा नियुक्त गरेको छ ।

# क्यानाडामा लहरे खोकीका विरामीमा निरन्तर वृद्धि

सिन्ह्वा

ओटावा । क्यानडाका विभिन्न प्रान्त र क्षेत्रमा लहरेखोकी अर्थात् १०० दिनभन्दा बढी खोकीको समस्या भएका बिरामीको संख्या बढ्दै गएको स्थानीय सञ्चारमाध्यमले शुक्रबार जनाएका छन् ।

क्यानडाका स्वास्थ्य अधिकारीहरूले यस वर्ष अहिलेसम्म लहरे खोकी (पर्टुसिस) का १९ हजारभन्दा बढी विरामीमा देखिएको छ । सामान्यतया, क्यानडामा एक हजारदेखि तीन हजारसम्म सङ्क्रमित भेटिने गरेकोमा यो बर्षको सङ्क्रमण दर निकै बढी भएको देखिन्छ, क्यानडाको सीटीभी न्यूजले जनाएको छ ।

क्यानडाका प्रमुख जनस्वास्थ्य अधिकृत डा. थेरेसा टामले सन् २०२५ सम्ममा आफ्नो सबैभन्दा ठूलो स्वास्थ्य समस्याबारे उजागर गर्दै भन्नुभयो, “लहरे खोकीलाई वर्षौंसम्मको निरन्तर खोपद्वारा नियन्त्रण गरिएको थियो र यो फेरि आउनुको एक कारण लहरे खोकीको लागि दिइने नियमित बाल्यकालको खोपमा अवरोध हो ।

# प्रथम राष्ट्रिय बाँस सम्मेलन–२०८१ आयोजना हुँदै

खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले आगामी फागुनमा आयोजना गर्न लागेको 'प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१'लाई प्रभावकारी बनाउन प्रदेशस्तरीय कार्यक्रम तय गरिएको छ । बाँसको उपयोगिता, सम्भाव्यता, प्रभावकारिता र बजारीकरणका लागि आगामी फागुन-१५, १६ र १७ गतेसम्म दिक्तेल बजारस्थित माटिकोरे खेलमैदानमा आयोजना गर्न लागिएको प्रथम राष्ट्रिय बाँस सम्मेलनलाई प्रभावकारी बनाउन प्रदेशस्तरीय कार्यक्रम तय गरिएको हो ।

कोशी प्रदेशमा पुस-१४ गते, मधेश प्रदेशमा पुस-१५ गते, बागमती प्रदेशमा पुस-१६ गते र गण्डकी प्रदेशमा पुस-१७ गते प्रदेशस्तरीय कार्यक्रम गर्ने तयारी गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो । "नेपालको ईतिहासमा पहिलो पटक दिक्तेल बजारमा राष्ट्रिय बाँस सम्मेलन गर्न लागिएको छ । सम्मेलनमा देश/विदेशका बाँसविज्ञ तथा व्यवसायी सहभागी हुन्छन्", उहाँले भन्नुभयो, "तीन दिनसम्म सञ्चालन हुने राष्ट्रिय बाँस सम्मेलनलाई प्रभावकारी बनाउन प्रदेशस्थरीय कार्यक्रम बनाएका छौं । छुटेका प्रदेशमा जुम प्रविधिबाट कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ ।"

नगरप्रमुख भट्टराईको अध्यक्षतामा हुने प्रदेशस्तरीय कार्यक्रम अन्तरगत कोशी प्रदेशमा सहारा नेपाल, मधेश प्रदेशमा डिभिजन वन कार्यालय र धनुषाधाम जनकपुर तथा बागमती र गण्डकी प्रदेशमा अर्थ मन्त्रालयको व्यवस्थापन र संयोजनमा कार्यक्रम हुने जनाइएको छ । प्रदेशस्तरीय कार्यक्रममा बाँस विज्ञ, सरोकारवाला, सरकारी तथा गैरसरकारी निकाय, शैक्षिक सङ्घसंस्था तथा बाँसको क्षेत्रमा काम गरिरहेका व्यापारी, व्यवसायी र काम गर्ने बाँसकर्मीको सल्लाह, सुझाव र चुनौति सुनेर योजना बनाइने नगरप्रमुख भट्टराईले शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी दिनुभएको छ ।



जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा आयोजना गर्न लागिएको प्रथम राष्ट्रिय बाँस सम्मेलनका लागि नगरपालिकाले रु पाँच लाख बजेटसमेत व्यवस्थापन गरेको जनाइएको छ । बाँस क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाले रु ४२ लाख बराबरको सम्मेलनलाई आवश्यक पर्ने जिन्सी सामग्री उपलब्ध गराउने निमित्त प्रमुख प्रशासकीय अधिकृत राजकुमार राईले बताउनुभयो ।

राष्ट्रिय बाँस सम्मेलनमा स्टल राख्न १५ जिल्लाबाट प्रस्ताव आइसकेको जनाइएको छ । राष्ट्रिय बाँस सम्मेलनाई सरकारी तथा गैर-सरकारी निकायका एक सय, वन उपभोक्ता समूहका एक सय, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रका ५० जना र हजारौं विद्यार्थीले अवलोकन गर्ने अनुमान गरिएको नगरउपप्रमुख विशन राईले जानकारी दिनुभयो ।

नेपालको ईतिहासमा पहिलो पटक दिक्तेल बजारमा आयोजना गर्न लागिएको राष्ट्रिय बाँस सम्मेलनलाई प्रभावकारी बनाउन तथा सम्मेलनमा स्टल राख्न नगरपालिकाका १५ वटै वडाबाट बाँससम्बन्धी व्यवसाय सञ्चालन गरिरहेकालाई हेटौंडाबाट झिकाइएका बाँसविज्ञ चन्द्रबहादुर थिङले नेपालमा तालिम दिइरहनुभएको छ । तालिमसँगसँगै सहभागीले सम्मेलनमा राख्न बाँसबाट विभिन्न प्रकारका सामग्रीसमेत तयार गर्ने जनाइएको छ ।

प्रथम राष्ट्रिय बाँस सम्मेलनमा अनुमानित रु ४७ लाख बराबरको खर्च हुने अनुमान गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिका, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, पर्यटन वन तथा वातावरण मन्त्रालय, कोसी प्रदेश र ग्रिन बेम्बो क्रियसन, ललितपुरको संयुक्त आयोजनामा बाँस सम्मेलन गर्न लागिएको हो ।

'जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको ' प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१'का लागि सम्मलेलनका लागि वन, वातावरण तथा प्रविधि मन्त्रालयका पूर्वमन्त्री गणेश साहको संयोजकत्वमा समिति गठन गरिएको छ ।

बाँसको क्षेत्रमा काम गर्दै आउनुभएका राष्ट्रिय बाँस अनुसन्धान तथा प्रवर्द्धन केन्द्रका अध्यक्ष केपी भट्टराईको पहलमा गत जेठमा काठमाडौंमा भएको सरोकारवाला व्यक्तिको भेलाले दिक्तेल बजारमा पहिलो पटक राष्ट्रिय बाँस सम्मेलन गर्ने निर्णय गरेको हो ।

जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह (पन्ध्रवटा वडा रहेको) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा अत्याधिक मात्रामा ढुङ्गे र भालु बाँससहित चोया बाँस, वन बाँस, करौती बाँस, मालिङ्गो बाँस, सिँगानो बाँस, निगाँलो बाँस, मुक्तियाली लगायत १३ किसिमका बाँस पाइने गरेका छन् । नगरपालिकाको आयोजनामा बाँस सम्मेलन हुने भएपछि बाँससम्बन्धी उद्योग सञ्चालन गर्दै आएका स्थानीय बासिन्दा एवम् उद्यमी हर्षित भएका छन् ।रासस

# तनहुँ जलविद्युत् आयोजनाद्वारा ९७ परिवारलाई क्षतिपूर्ति वितरण

दमौली । तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका लागि विस्फोट गर्दा क्षति भएका ९७ घरपरिवारलाई क्षतिपूर्ति रकम वितरण गरिएको छ ।

प्याकेज १ का संरचना निर्माणका क्रममा विस्फोट गर्दा त्यस आसपासका क्षेत्रमा पुगेको असर र क्षति पुगेका घरपरिवारलाई आयोजनाले क्षतिपूर्ति वितरण गरिरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । मुआब्जा निर्धारण समितिबाट निर्माण कार्यका कारण क्षति पुगेका ऋषिङ गाउँपालिका-१ का ९८ र व्यास नगरपालिका-५ बेतेनका क्षेत्रका २० गरी एक सय १८ घरपरिवारका घर तथा संरचनाको क्षतिपूर्ति निर्धारण गरेपश्चात् ९७ घरपरिवारलाई क्षतिपूर्ति रकम वितरण भइसकेको भण्डारीले बताउनुभयो ।

भण्डारीका अनुसार क्षति भएका घरको अनुगमनपश्चात् अधिकतम रू तीन लाख र न्यूनतम रू दश हजार क्षतिपूर्ति तोकिएको छ । उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयले गठन गरेको समितिले निर्धारण गरेबापतको क्षतिपूर्ति रकम वितरण भइरहेको छ ।रासस

# व्यवसायीक तरकारी खेतीबाट मनग्य आम्दानी

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका जनक साउदले खेतमा धान र गहुँ लगाउदा वर्ष भरी खानै पुग्दैनथ्यो ।त्यही जग्गामा उहाँले दुई वर्षदेखि निरन्तररुपमा व्यवसायीकरुपमा तरकारी खेती गर्न थालेपछि मनग्य आम्दानी हात पार्न थाल्नु भएको छ । तरकारी बेचेको पैशाले साउदले वर्षभरी खान पुग्ने गरी धान र गहुँ खरिद गर्दै आउनुभएको छ ।

स्वामित्वको आठ कठ्ठा जग्गामा पाँच वटा प्लाष्टिकका टनेल निर्माण गरी उहाँले तरकारी खेती गर्दै आउनुभएको छ । प्लाष्टिक टनेलमा उहाँले बढी फल्ने जातका गोलभेडा रोप्नुभएको छ । टनेल बाहिरको बारीमा बन्दागोभी, काउली, मुला, धनियाँ, खुर्सानी, भण्टा, प्याज, तिते करेला रोप्नुभएको छ । तरकारी खेती भने उहाँले पुरै आफनै लगानीमा भने गर्नु भएको होइन ।

नगरपालिका कार्यालयबाट व्यवसायीक तरकारी खेती गर्नका लागि साउदले रु तीन लाख अनुदान रकम पाउनुभएको छ । रु तीन लाख अनुदान वाफत पाएको रकम र त्यसमा रु तीन लाख



आफनातर्फबाट थप गरी उहाँले तरकारी खेतीलाई अगाडी बढाउदै आउनु भएको छ ।

तरकारी खेतीका लागि लगानी गरिएको रकमबाट बीउजिन खरिद, प्लाष्टिक टनेल निर्माण, गोडमेल र जोताईका लागि मिनी टिलर खरिद गर्नुका साथै सिँचाइका लागि बोरिङ जडानकार्य गरेका छन् । व्यवसायीक खेती गर्ने किसानका लागि वडा कार्यालयले सञ्चालन गरेको तालिममा सहभागी भएर साउदले तरकारी उत्पादन गर्ने तौर तरिका सिकेका छन ।गत वर्ष तरकारी खेती गर्नका लागि नौलो अनुभव हुँदा खर्च कटाएर रु दुई लाख जतिको कमाई गरेका उहाँले यस वर्ष लौका र काँक्रा बिक्री गरि रु ४० हजार जतिको आम्दानी गर्नुभएको छ ।

टनेलमा उत्पादन भएको गोलभेँडा मात्रै रु १० हजार जतिको बिक्री भएको उहाँको भनाइ रहेको छ । "बारीमा तरकारी बेच्नका लागि तयार हुँदैछ" उहाँले भन्नुभयो, "गत वर्ष परीक्षणमै बित्यो, यस वर्ष रु तीन लाखदेखि रु पाँच लाखसम्मको हाराहारीमा तरकारी उत्पादन हुने अनुमान गरेका छौं ।रासस

# ग्लोबल आइएमई बैंकद्वारा ३५ जना छात्रालाई छात्रवृत्ति प्रदान

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छ ।बैंक पौष १८ गते विहिबारदेखी आफ्नो स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गर्दैछ । ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत बैंकले विभिन्न सामुदायिक तथा सरकारी विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा प्रवेश गरेका विपन्नवर्गका ३५ जना जेहेन्दार छात्राहरुलाई छात्रवृत्ति प्रदान गरेको छ । यी छात्राहरुलाई कक्षा १२ सम्मको अध्ययनका लागि बैंकले हरेक वर्ष छात्रवृत्ति प्रदान गर्नेछ ।

यस कार्यक्रम अन्तरगर्त बैंकले प्रत्येक प्रदेशबाट ५ जना जेहेन्दार छात्राहरु छनौट गरी जम्मा ३५ जना छात्रालाई वर्षको १२ हजार रुपैयाँको दरले छात्रवृत्ति प्रदान गर्नेछ । यो कार्यक्रम अन्तर्गत बैंकले अहिलेसम्म १४० जनालाई उक्त छात्रवृत्ति ब्यवस्था गरी छात्राहरुको शैक्षिक गुणस्तरमा योगदान गरिरहेको छ । समाजको विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको र महिला शिक्षित भएमा समाजको चेतनास्तर अभिवृद्धि हुनुका साथै महिलाहरु आर्थिक रुपमा सबल हुन समेत मद्दत पुग्ने हुनाले यो कार्यक्रम गरिएको बैंकले जनाएको छ ।

यस कार्यक्रमबाट आर्थिक समस्याका कारण बीचमै विद्यालय छाड्न बाध्य छात्राहरुलाई न्यूनतम् विद्यालय शिक्षा पूरा गर्न सहयोग पुग्ने बैंकको विश्वास छ ।बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरुमार्फत आम जनमानसलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

## भुमि सुधार ताथ मालपोत कार्यालय गौर, रौतहट

## हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस मुडवलवा वडा न. ३ हाल राजदेवी न.पा.वडा न.७मा बस्ने शिवनारायाण प्रसाद यादबको छोरा सुरेन्द्र प्रसाद यादब,बिरेन्द्र प्रसाद यादब र रबिन्द्र प्रसाद यादबसमेतले ३ रौ.जि.अ.गौर रौतहट मिति २०७४।०४।२५ गतेको डाँकलिलाम मुचुका तथा रौ.जि.अ.को मिति २०७४।०४।२६को तामेली आदेश बमोजिम रामश्रेष्ठ राय यादबको नाममा दर्ता रहेको तपसिलको जग्गाको दा.खा. नामसारी माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको तिनपुस्तेसमेत नहेको साथै अप्रमाणित छ भनी मोठ फाँटबाट लेखिआएको निवेदक बिरेन्द्र प्रसाद यादब र रविन्द्र प्रसाद यादबको मंजुरीनामासमेतले दाजु नाता पर्ने सुरेन्द्र प्रसाद यादबको नाममा अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा.गरी दिनुहुन भनि राजदेवी नपा ७को च.न.७९५ मिति २०८१।०२।११ गतेको सिफारिसबाट देखिएकोले दा.खा.नामसारीको लागि यस कार्यालयको मिति २०८१।०२।२४को आदेश बमोजिम दा.खा. नामसारीको लागि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ताभित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा. नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाणसहित आफु वा रितपूर्वकको वारेशमार्फत यो सूचना जारी भएको ३५ दिनभित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम एकलौटी दा.खा.नामसारी भै जानेछ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मुडवलवा | ६ | ६७० | ०-२-१७ | अप्रमाणित झगडा |
| रौतहट | मुडवलवा | १ | ७८१ | ०-१-६-८ | |
| रौतहट | मुडवलवा | २ | ७४९ | ०-१-३-८ | |
| रौतहट | मुडवलवा | २ | ८३६ | ०-१-११-५ | |
| रौतहट | मुडवलवा | ४ | ५४३ | ०-१-१६ | |
| रौतहट | मुडवलवा | ८ | ४०१ | ०-०-१७-८ | |

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०९/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : पुरुषोतम राउत** | |
| | **नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, **संचालक तथा शेयरधनि : पुरुषोतम राउत** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : पुरुषोतम राउत**<br>ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत<br>ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ | **२. नाम : रतन ठाकुर**<br>ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६५/०२/०९<br>बाबुको नाम : श्याम ठाकुर हजाम<br>बाजेको नाम : श्वहर ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६ |
| | **३. नाम : रिता कुमारी राय**<br>ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६<br>पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ | |
| | **धितोको विवरण** | |
| | पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-०-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-१७-०-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : ॐ साई फेन्सी स्टोर**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>प्रा.फ.र.नं. ३१६८/३२/०७२/०७३, दर्ता मिति : २०७२/१२/१९, पान नं. ६०४०३११०५, दर्ता मिति : २०७२/१२/२१<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १, **प्रोप्राइटर : उज्वल खतिवडा** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : उज्वल खतिवडा**<br>ना.प्र.नं. ०४९७२६५४१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०२/०८,<br>बाबुको नाम : उध्दव प्रसाद खतिवडा<br>बाजेको नाम : हरी प्रसाद खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ | **२. नाम : यमुना अधिकारी**<br>ना.प्र.नं. २०१०४९/४७/१७६८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६४/०६/०७,<br>पतिको नाम : उज्वल खतिवडा<br>ससुराको नाम : उध्दव प्रसाद खतिवडा<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ |
| | **३. नाम : उध्दव प्रसाद खतिवडा**<br>ना.प्र.नं. ०४९७००२१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०३५/०९/१७<br>बाबुको नाम : हरि प्रसाद खतिवडा, बाजेको नाम : देवी चरण खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ | |
| | **धितोको विवरण** | |
| | उज्वल खतिवडाको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १ ख स्थित कित्ता नं. ९६ को क्षेत्रफल ०-१२-१२-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०९/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : मनिष डेरी उद्योग**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुर<br>दर्ता नं. : ८११३/२५३/०७१/०७२, दर्ता मिति : २०७१/१०/१२<br>रजिष्टर्ड कार्यालय : जनकपुर<br>**प्रोप्राइटर : सरोज कुमार साह** | |
| | **नाम : सरोज कुमार साह**<br>बाबुको नाम : परभु साह सुडी, बाजेको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४२६६८, जि.प्र.का. धनुषा, जारी मिति : २०६०/०१/२४<br>**शाखा कार्यालय : लोहारपट्टी** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मन्जु देवी साह**<br>पतिको नाम : सरोज कुमार साह<br>ससुराको नामः प्रभु साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७३०५२/२६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/०७ | **२. नाम : परभु साह सुडी**<br>बाबुको नाम : महाविर साह सुडी<br>बाजेको नाम : रौदी साह<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/०६/०९ |
| | **३. नाम : वहुरी देवी साह सुडी**<br>पतिको नाम : प्रभु साह सुडी, ससुराको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१४, जि.प्र.का. धनुषा, जारी मिति : २०४४/१०/२५ | |
| | **धितोको विवरण** | |
| | वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| २. | **नाम : निर्मला देवी साह**<br>पति : वैधनाथ प्रसाद साह<br>ससुरा : पल्टु साह<br>ठेगाना : सहोडवा - ६, महोत्तरी<br>हाल : पिपरा - ६, महोत्तरी<br>ना.प्र.प.नं. : १८३०१८/४६८<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>**शाखा कार्यालय : लोहारपट्टी** | **नाम : वैधनाथ प्रसाद साह**<br>बाबु : पल्टु साह<br>बाजे : मुनि साह<br>ठेगाना : सहोडवा - ६, महोत्तरी<br>हाल : पिपरा - ६, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०१९५७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/०५/२१ |
| | **धितोको विवरण** | |
| | निर्मला देवी साहको नाममा मालपोत कार्यालय जलेश्वरमा दर्ता रहेको वनौली - ८/१८, महोत्तरी स्थित कित्ता नं. १२९८ को क्षेत्रफल ०-०-१३ भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ पौष २१ गते आइतबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ पौष २२ गते सोमबार १:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६

# बेलायती राजदूत दम्पतीको वैवाहिक वर्षगाँठ सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि बेलायती राजदूत रब फेन र जुलिया फेनले जनकपुरधाममा २२ औं वैवाहिक वर्षगाँठ मनाएका छन् ।

जनकपुरधामस्थित जानकी मन्दिरमा भएको वैवाहिक उत्सवमा मिथिलाको परम्परा अनुसार स्वयंवरका बेला लगाइने फूलको वरमाला र बेहुलाले टाउकोमा पहिरने मौर पाग लगाएका फेन दम्पतीले वैवाहिक वर्षगाँठ मनाएका हुन् ।

त्रेतायुगमा सीतारामले जनकपुरधाममै विवाह गरेकाले आफूले पनि वैवाहिक वर्षगाँठ मनाउन जनकपुरधाम आउन पाएकोमा हर्षित भएको उनीहरुको भनाइ छ । फेनकी धर्मपत्नी जुलिया पनि मिथिलामा दुलहीले सौभाग्यका लागि पहिरने रातो सारी र चुनरी (सल) ओढेकी थिइन् ।

बेहुला र बेहुलीको लगनगाँठो कसेझैं नवदुलहा र दुलही झैं जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासलाई साक्षी राखेर उनीहरु जानकी मन्दिरमा दर्शन पनि गरेका थिए । फेनले जुलियालाई अँगुठी पनि पहिराएका थिए ।

उनीहरुले माता जानकीको पवित्र जन्मभूमि र मिथिला र मधेशको परम्परागत भेष, भाषा, संस्कृति तथा रितिरिवाज रमणीय र संसारकै उत्कृष्ट लागेको प्रतिक्रिया दिए ।

# सरकारले चोर बनाउने काम गरेको छ

नेपाल औषधि व्यवसायी संघ मधेश प्रदेश दोस्रो प्रादेशिक अधिवेशनका अवसरमा व्यवसायीहरुले औषधिको मूल्य समायोजन नहुँदा अवैधानिक बाटोले औषधिको व्यवसायको विगबगीको समस्या यत्रतत्र भएको बताए । पारासिटल , लिभोसेटिजन जस्ता औषधिमा समेत मूल्य एकरुपता हुन नसकेको प्रति ध्यानाकर्षण गराउँदै सरकारी नीतिको मारमा व्यवसायीहरु रहेको गुनासो गरे ।

**टुडे समाचारदाता**

जनकपुरधाम । समग्र औषधिको सुधार र मूल्य समायोजनतर्फ सरकारको अग्रसरता माथि जोड दिइएको छ ।

नेपाल औषधि व्यवसायी संघ मधेश प्रदेश दोस्रो प्रादेशिक अधिवेशनका अवसरमा व्यवसायीहरुले औषधिको मूल्य समायोजन नहुँदा अवैधानिक बाटोले औषधिको व्यवसायको विगबगीको समस्या यत्रतत्र भएको बताए ।

पारासिटल , लिभोसेटिजन जस्ता औषधिमा समेत मूल्य एकरुपता हुन नसकेको प्रति ध्यानाकर्षण गराउँदै सरकारी नीतिको मारमा व्यवसायीहरु रहेको गुनासो गरे ।

औषधि व्यवस्था विभागको कार्यालयहरु सीमित संख्यामा भएका नवीकरण ,दर्तामा समस्या भइरहेकाले कार्यालयहरु जिल्ला स्तरमा पनि विस्तार गर्न आग्रह गरे ।

कार्यालयका प्रमुखदेखि कर्मचारीहरुले अनावश्यक दुःख दिइ कार्यमा जटिलता उत्पन्न हुने चर्चा गर्दै व्यवसायीहरु नवीकरण , दर्तामा सहजताको माग गरे ।

औषधिको मार्जिनमा एकरुपता नभएका कारण पनि औषधिको मूल्य एवं पेशाको अवस्था विस्तारै विस्तारै धरापमा पर्ने भइसकेको बताउँदै. अमर्यादित व्यवसाय फस्टाउँदै गएका कारण सरकारले नै नीतिगत रुपमै चोर बनाउने





काम गरेको उनीहरुले जानकारी दिए ।

सरकारी नीति दोधारे भएका कारण औषधिको मूल्य एकरुपता नपाइएको भन्दै उनीहरुले औषधिहरुको एक्सपाएर प्रतिशत वर्षेनि बढदै गएको प्रति चिन्ता व्यक्त गरे ।

औषधि व्यवस्था विभागको नीतिगत कमजोरीका कारण औषधिको एक्सपाएर हुने प्रतिशतमा वृद्धि भइरहेको व्यवसायीहरु स्पष्ट गरे ।

प्रक्रियागत जटिलताका कारण गलत तत्वको वर्चश्व हुन पुगेको चर्चा गर्दै औषधि व्यवस्था विभाग सघीयता मर्मलाई अनुशरण नगरेकोतर्फ ध्यानाकर्षण गराए ।

देशमा संघीयताको व्यवहारिक पक्षलाई औषधि व्यवस्था विभागले आत्मसात नगरी वर्तमानमा पनि पराने संरचनालाई मलजल दिइ रहेको बताए ।

औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले मूल्य समायोजन सम्बन्धमा सरकारले उच्चस्तरीय समिति गठन गरिसकेकाले व्यवसायीले असल व्यवसायी बन्ने अभ्यास गर्नु पर्ने धारणा राखे ।

उनले मूल्य घटी बढी , इम्पोर्टकर्ता र भन्सार जस्ताले अवस्थाले सही तथ्यांक आउन नसकेका कारण अन्योल देखिएको बताए ।

औषधि व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष प्रकाशकुमार खण्डेवालले सरकारले व्यवसाय फस्टाउने मापदण्ड कायम गरी मूल्य समायोजनबारे नीति निर्माण गर्नु पर्ने बताए ।

उनले औषधिको मूल्य समायोजन स्वचालित प्रक्रिया अन्तर्गत निर्धारण गरेमा व्यवसाय सुरक्षित रहन सक्ने विचार व्यक्त गरे ।

वरिष्ठ उपाध्यक्ष रामप्रसाद खरेलले मूल्य एकरुपता बारे व्यवसायी र सरकारबीचको छलफल र निर्धारण महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

प्रदेश अध्यक्ष शिवनाथ सिंहको अध्यक्षतामा भएको अधिवेशनमा उपाध्यक्ष रामचन्द्र शर्मा औषधिको मर्यादा र पसलको मर्यादा कायम गर्नु वर्तमानको चुनौती भएको धारणा राखे ।

जनकपुरधामका पूर्वमेयर बजरंग साह , धनुषा जिल्ला औषधि व्यवसायी महासंघका अध्यक्ष प्रमोद कुमार अग्रवालले सेवा मूल्यांकनमा ह्रास र सम्मानप्रति आएको चिन्ता व्यक्त गरे ।

संघका प्रदेश सचिव पप्पु झाले हरेक जिल्लामा औषधि व्यवस्था विभागको कार्यालय विस्तार गर्न माग गरे ।

उनले नवीकरण , दर्ताका लागि धनुषा जिल्लाका व्यवसायी वीरगञ्ज र सिरहा र सप्तरी जिल्लाका व्यवसायी विराटनगर जानु पर्ने व्यवस्था संघीयता मर्म अनुसार नभएको प्रसंग उल्लेख गरे ।

जनकपुर उद्योग वाणिज्य महासंघ जनकपुरका अध्यक्ष सुरेन्द्र भण्डारीले सिद्धार्थ बैंकका पदाधिकारी व्यवसायीलाई बिचल्लीमा पार्ने काम गरेको चर्चा गर्दै व्यवसायी ऋण लिंदा वित्तीय संस्थाप्रति सजग हुनु जरुरी भएको धारणा राखे ।

# 'निर्धारित समय महाधिवेशन नभए अप्ठ्यारो पर्छ'

**टुडे समाचारदाता**

जलेश्वर । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टीलाई आगामी निर्वाचनमा एक्लै चुनाव लड्न सक्ने बनाउन आफूलाई साथ दिन नेता कार्यकर्तालाई आग्रह गरेका छन् ।

महोत्तरीमा आयोजित क्षेत्रीय सम्मेलन उद्घाटन कार्यक्रममा बोल्दै कांग्रेसले आगामी निर्वाचनमा कसैसँग गठबन्धन नगर्ने भन्दै एक्लै लड्नसक्ने संगठन बनाउन लाग्न नेता कार्यकर्तालाई आग्रह पनि गरे ।

नेता डा. कोइरालाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले अपेक्षा गरेअनुसारको काम गर्न नसकेको आरोप लगाए ।

उनले हरेक दुईदुई महिनामा सरकार परिवर्तन हुने अवस्था आएपछि राजनीतिक स्थायित्वका लागि एमालेसँग मिल्न बाध्य



भएको बताए ।

उनले भने, 'स्थायित्वका लागि संविधानमा केही सुधार गर्नुपर्छ भन्ने लागेर एमालेसँग मिलेर सरकार बनाएका छौं । त्यो सरकार अहिले चल्दैछ, तर अपेक्षा गरेअनुसारको काम हुनसकेको छैन । अब ढिलो नगरी संविधानको सुधारको अन्य दलसँग सहकार्य गरेर अगाडि जान आग्रह गर्छु ।'

उनले भ्रष्टाचार बढिरहेको भन्दै सरकारले सुशासन दिन नसकेको जिकिर गरे ।

नेता डा. कोइरालाले अघि थप्दै भने, 'जनता अहिले निराश भइरहेका छन् । त्यो निराशालाई चिर्दै अगाडि जानुपर्ने अवस्था छ । कांग्रेस र एमाले भोलिका चुनावहरुमा मुख्य प्रतिस्पर्धी हौं । बिडम्बना छ, हामीले सहकार्य पनि गर्नुपर्नेछ ।'

उनले सरकारमा भएका मन्त्रीहरुले सहकार्य गरेर अगाडि बढे पनि बाहिर भएकाहरुले प्रतिस्पर्धीको भावना राखेर अघि बढ्नुपर्नेमा जोड दिए ।

कांग्रेसले आगामी निर्वाचनमा एक्लै चुनाव लडेर जित्ने अवस्था बनाउनुपर्नेमा उनको जोड छ ।

नेता डा. कोइरालाले १५ औं महाधिवेशन एक वर्षभित्र नहुने संकेत देखिएको भन्दै नेतृत्वलाई दबाब दिन नेता कार्यकर्तालाई आग्रह गरे ।

उनले भने, 'तपाईंहरु यहाँबाट जाँदा ढुक्क भएर जानुस् । तपाईंहरु कसैको डर, धाक धम्कीबाट नडराउनुस् । तपाईंहरुको राजनीतिक संरक्षण म गर्छु । अन्याय हुन नदिने बाचा म गर्छु । म पक्कै गर्छु ।'

# जनकपुर बोल्ट्सको महोत्तरीमा 'ट्रफी परेड'

**टुडे समाचारदाता**

जलेश्वर । नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करण विजेता जनकपुर बोल्ट्सका खेलाडी महोत्तरीमा आयोजित 'ट्रफी परेड'मा सहभागी भएका छन् ।

मधेश प्रदेशका सबै जिल्लामा विजयोत्सव मनाउने क्रममा शनिबार जलेश्वर आइपुगेको उक्त टोलीलाई मटिहानीका नगरवासीले भव्य स्वागत गरे। मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, जनप्रतिनिधि र नगरवासीले विजेता टोलीको स्वागत गरेका थिए। विजेता टिमका खेलाडीलाई फूलमाला तथा दोसल्ला ओढाएर मेयर मण्डलले स्वागत गरे ।

खेलाडीलाई ट्रफीसहित



मटिहानी नगर परिक्रमा गराइएको थियो । खेलाडीको स्वागतमा देशकै जेठो विद्यालय राजकीय संस्कृत मावि (गुरुकुल) मटिहानीका वटुकले न्यानो स्वागत गरेका थिए । नगर परिक्रमाका क्रममा गुरुकुल परिसर पुगेका जनकपुर बोल्ट्सका खेलाडीलाई वटुकले वैदिक मन्त्रले स्वस्तिवाचन गरेका थिए ।

मटिहानीको स्वागत ग्रहणपछि टोली आज जलेश्वर नगरपालिकातर्फ अघि बढेको थियो । जलेश्वरका मेयर सुरेश साह सोनारले खेलाडीहरूको स्वागत गरेका थिए । नगरवासीले जनकपुर बोल्ट्सका खेलाडीलाई काँधमा बोकेर खुसी व्यक्त गरेका थिए । त्यस अवसरमा मेयर सोनारले खेलमार्फत मुलुकको प्रतिष्ठा बढाउने खेलाडीलाई नगरमा स्वागत गर्न पाउँदा निकै खुसी लागेको बताए ।

विजयी टोली जलेश्वरबाट एकडारा गाउँपालिका, मनराशिशवा नगरपालिका, सम्सी र सोनमा गाउँपालिकाका विभिन्न बस्तीमा विजयोत्सव मनाउँदै सर्लाहीतर्फ प्रस्थान गरेका छन् । जनकपुर बोल्ट्स प्रबन्ध निर्देशक निरज खतिवडाले आम नागरिकको चासो र आफूहरूले जितमा देखिएको खुसी एवं आत्मीयताबाट आफूहरूलाई ऊर्जा मिलेको बताए ।

जनकपुर बोल्ट्सले एनपीएल जितेको खुसियालीमा मधेश प्रदेशका आठवटै जिल्लामा विजयोत्सव मनाउने अन्तर्गत शुक्रबार जनकपुरधाम, शनिबार जलेश्वर र आइतबार सर्लाहीमा मनाइने छ । शुक्रबार धनुषाको जनकपुरधामबाट शुरु भएको 'ट्रफी परेड' शनिबार महोत्तरी, सर्लाही र रौतहटमा आयोजना गरिएको हो । टोलीले आइतबार बारा र पर्सा, सोमबार सिरहा र सप्तरी पुग्ने कार्य तालिका रहेको छ ।

# सीमा सूरक्षा अधिकारीहरुको बैठक सम्पन्न



**टुडे समाचारदाता**

जलेश्वर । सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बल (SSB) बीच नियमित रुपमा हुँदै आईरहेको समन्वयात्मक बैठकको सशस्त्र प्रहरी बल नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको आयोजनामा (DIG Level Counterparts Co–ordination Meeting) शुक्रवार सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल तथा भारतीय सशस्त्र सीमा बल (SSB) बीच नियमित रुपमा हुने DIG स्तरीय समन्वयात्मक बैठकको आयोजना सशस्त्र प्रहरी बल नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले गरेको छ। उक्त कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालीदास धौवजी तथा भारतीय सशस्त्र सीमा बल (SSB) को सेक्टर हेडक्वार्टर मुजफ्फरपुरका डिआईजी दिपक कुमार IPS, Sector Headquarters Purnea का सेक्टर कमाण्डर डिआईजी राजेश टिक्कु र Sector Headquarters Bettiah का सेक्टर कमाण्डर डिआईजी एस. सुब्रमनियम को उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रममा मधेश प्रदेश स्थित सशस्त्र प्रहरी बल नेपालका गणपतिहरु , निमित्त गणपतिहरु लगायतका अधिकृतहरुको उपस्थिति रहेको थियो भने SSB का बटालियन कमाण्डेन्टहरु लगायतको उपस्थिति रहेको थियो।

बैठकमा सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण तथा रोकथाम लागूऔषध नियन्त्रण, सीमामा हुने अपराधिक गतिविधि नियन्त्रण लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रमले सीमा सुरक्षालाई अझ प्रभावकारी बनाउदै अघि बढ्न सहयोग मिल्ने नं.२ बाहिनीले जानकारी गराएको छ ।

# 'देश राजनीतिक स्थायित्वको यात्रामा छ'

**टुडे समाचारदाता**

जलेश्वर । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले नेपाल अहिले राजनीतिक स्थायित्वको यात्रामा अगाडि बढिरहेको बताएका छन् । महोत्तरीको रामगोपालपुरमा शनिबार आयोजना गरिएको बृहत् पार्टी प्रवेश तथा जनसभा कार्यक्रममा महासचिव पोखरेलले कांग्रेस र एमाले मिलेर देशलाई अघि बढाइरहेको बताए ।

नेपाली कांग्रेस र एमाले मिलेर देशलाई राजनीतिक स्थायित्वमा लैजान गरेको संकल्पकै आधारमा देश अघि बढिरहेको बताउँदै महासचिव पोखरेलले विकास र समृद्धिको यात्रामा समेत देश अघि बढेको दाबी गरे ।

संविधान र कानुनमा हेरफेर गरेर भए पनि विकास र समृद्धिको यात्रालाई अघि बढाउने संकल्पकै कारण देश अघि बढेको छ । एमाले नेतृत्वको सरकारको कारणले सम्भव भएको उनको भनाइ छ ।

एमाले नेतृत्वमा बनेको सरकारको कारणले अहिले देशमा धेरै सुधार भएको बताउँदै उनले लगानीको क्षेत्रमा दक्षिण एसियामा भारतपछि नेपालको अवस्था सुधारोन्मुख रहेको बताए । राजस्व





पनि बढ्दै गएको पूर्जी खर्च बढेको र विदेशी मुद्राको सञ्चिती बढेको उनले भने ।

नेतृत्वको छोटो समयमै

> संविधान र कानुनमा हेरफेर गरेर भए पनि विकास र समृद्धिको यात्रालाई अघि बढाउने संकल्पकै कारण देश अघि बढेको छ । एमाले नेतृत्वको सरकारको कारणले सम्भव भएको उनको भनाइ छ ।

एमाले नेतृत्वले गरिरहेको कामले नेपाली जनतामा आशा जगाएको बताउँदै नेता पोखरेलले केही तत्वहरू सो आशालाई निराशामा बदलिने गरी षडयन्त्र गरिरहेको बताए । एमालेमा स्थिरता मच्चाउने, आशालाई निराशामा बदल्न, एमालेलाई घेराबन्दी गर्ने काममा केही तत्वहरू लागिरहेको बताउँदै उनले नेपाली जनताको भविष्यमाथिको आक्रमण भएकाले यसलाई चिर्न नेपाली जनता अग्रसर हुन आग्रह गरे ।

उनले मधेशमा हुलाकी सडक आयोजनाको काममा तीव्रता, सुनकोशी मरिन डाइभर्सनको काममा तीव्रता लगायतका कामहरू एमाले सरकारको श्रेय भएको बताउँदै विकास र राष्ट्रियताको पक्षमा एमाले मात्र रहेको बताए ।

छिमेकीसँग आँखामा आँखा जुधाएर नेपाली जनतालाई विकासको हितमा काम गर्ने एमाले नेतृत्वको सरकार मात्र भएको बताउँदै उनले आउँदो निर्वाचनमा एमालेलाई सहयोग गर्न आग्रह गरे ।

**उपभोक्ता हकको रक्षा गरौं**

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको वस्तु विक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
- जस्ता कार्य उपभोक्ताको हक विरुद्धका कार्य हुन,

यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८